# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ९४ | काठमाडौं | शनिबार, १० साउन २०८२ | Prabhab National Daily | Saturday, 26 July 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




सन्ध्याकालीन समयमा बिहीबार देखिएको रूपन्देही जिल्लाको सिद्धार्थनगरमा अवस्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल ।
*तस्बिर: रासस*

# बजेट विवादले मुख्यमन्त्री लामाको पद धरापमा

- ३७ प्रदेश सांसद रहेको कांग्रेसका २१ सांसदको हस्ताक्षरसहित संसदीय दलको सदस्य सचिवसामु शुक्रबार अविश्वासको प्रस्ताव दर्ता
- अविश्वासको प्रस्ताव दर्ता भएसँगै कांग्रेस बागमती प्रदेश कार्यसम्पादनको बैठक बसेर चुनावी प्रक्रिया अघि बढाउने तयारीमा कांग्रेस
- २०७९ पुस १३ गते बानियाँलाई हराउँदै बहादुर कांग्रेस बागमती प्रदेश संसदीय दलको नेतामा निर्वाचित भएका थिए । त्यतिबेला लामाले २१ मत ल्याउँदा बानियाँले १६ मत प्राप्त गरेका थिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बागमती प्रदेशको बजेट विवादका कारण प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङको पद धरापमा परेको छ । बहुमत प्राप्त सदस्यको हस्ताक्षरसहित कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गरेसँगै मुख्यमन्त्री लामाको पद धरापमा परेको हो ।

३७ प्रदेश सांसद रहेको कांग्रेस प्रदेशसभाले २१ सांसदको हस्ताक्षरसहित संसदीय दलको सदस्य सचिवसामु शुक्रबार अविश्वासको प्रस्ताव दर्ता गरेको हो । 'नेपाली कांग्रेस, प्रदेशसभा संसदीय दलको विधान,२०७४ को धारा १८ को उपधारा ६ बमोजिम हामी निम्न माननीय सदस्यहरू नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता माननीय बहादुरसिंह लामामाथि अविश्वासको प्रस्ताव पेस गर्दछौं,' प्रस्तावमा भनिएको छ ।



> नेतृत्वले प्रभावकारी ढंगले काम गर्न नसकेको संसदीय दलका अधिकांश साथीहरूको ठहर भयो । भरोसा टुटेपछि अविश्वासको प्रस्ताव दर्ता गरेका हौं
>
> ■ **इन्द्रबहादुर बानियाँ**
> सभापति, नेपाली कांग्रेस, बागमती प्रदेशसभा

> गठबन्धनले निर्णय नगरेसम्म म राजीनामा दिन्नँ । अविश्वासको प्रस्ताव फेस गर्छु ।
>
> ■ **बहादुरसिंह लामा**
> मुख्यमन्त्री, बागमती प्रदेश

प्रस्तावमा संसदीय दलको नेता प्रदेशसभा सभापति बानियाँलाई बनाउन प्रस्ताव गरिएको छ । आफूलाई २४ सांसदको साथ रहेको दाबी गर्दै बानियाँले संसदीय दलको दाबी गरेका छन् । 'नेतृत्वले प्रभावकारी ढंगले काम गर्न नसकेको संसदीय दलका अधिकांश साथीहरूको ठहर भयो । भरोसा टुटेपछि अविश्वासको प्रस्ताव दर्ता गरेका हौं,' बानियाँले भने ।

मुख्यमन्त्री लामा आफूलाई अविश्वासको प्रस्ताव दर्ता हुँदा ललितपुरको होटल हिमालयमा एक कार्यक्रममा व्यस्त थिए । लामाले आफूले राजीनामा नदिने बरु अविश्वासको प्रस्ताव फेस गर्ने बताए । 'गठबन्धनले निर्णय नगरेसम्म म राजीनामा दिन्नँ । अविश्वासको प्रस्ताव फेस गर्छु,' मुख्यमन्त्री लामाले भने ।

आर्थिक मामिलामन्त्री कुन्दनराज काफ्लेले मनपरि बजेट निर्माण गरेको भन्दै कांग्रेसका नेताहरू असन्तुष्ट थिए । तर, मुख्यमन्त्री लामाले भने काफ्लेको बचाउ गर्दै बजेट सर्वसम्मतले पारित गर्न लगाएका थिए । त्यसपछि असन्तुष्ट पक्षले कांग्रेस केन्द्रीय सभापति शेरबहादुर देउवालाई पटक-पटक भेटेर लामालाई मुख्यमन्त्रीबाट हटाउन आग्रह गरेका थिए ।

केही दिनअघिमात्र बानियाँले आफ्नै पार्टीका प्रदेश मन्त्रीलाई लिएर बूढानीलकण्ठ पुगेपछि मुख्यमन्त्रीबाट लामालाई राजीनामा दिन दबाब परेको थियो । गत बुधबार लामालाई पदबाट राजीनामा दिन देउवाले नै दबाब दिएको बताइन्छ । तर लामाले राजीनामा दिने छाँट नदेखेपछि आफैंले मन्त्री बनाएका चार जनाले एकै साथ शुक्रबारै राजीनामा दिए । युवा तथा खेलकुदमन्त्री मिनकृष्ण महर्जन, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, संस्कृति तथा पर्यटनमन्त्री विमल ठकुरी र सहकारी तथा गरिबी निवारणमन्त्री मधुकुमार श्रेष्ठले राजीनामा एकैसाथ राजीनामा दिएका हुन् । राजीनामा दिएका मन्त्रीहरूलाई मुख्यमन्त्रीले शुक्रबार साँझ पदमुक्त गरेका छन् । रिक्त स्थानमा चाँडै नयाँ मन्त्री नियुक्तीको तयारीसमेत लामाले गरेका छन् ।

बागमती प्रदेश सरकारले प्रस्तुत गरेको बजेटमा चर्को विवाद भएसँगै बानियाँ मुख्यमन्त्री बन्ने कसरतमा लागेका थिए । बागमतीका आर्थिक मामिलामन्त्री काफ्लेले असार २३ गते प्रस्तुत गरेको बजेटप्रति कांग्रेसकै सांसदहरूले असन्तुष्टि जनाएका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

# अख्तियारलाई ६७ प्रतिशत मुद्दामा सफलता

- ११९ वटा फैसलामध्ये ६७.२३ प्रतिशत मुद्दामा कसुर स्थापित
- गत आवमा २८ हजार ५९७ उजुरी दर्ता
- सबैभन्दा बढी उजुरी स्थानीय तहसँग सम्बन्धित
- आयोगको वेबसाइटबाट सबैभन्दा धेरै १० हजार २४५ उजुरी
- कूल उजुरीमध्ये ८०.२२ प्रतिशत फर्स्योट

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गत आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट दर्ता भएका मुद्दामध्ये ६७.२३ प्रतिशत मुद्दामा कसुर स्थापित भएको जानकारी दिएको छ । आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये गत आवमा ३९५ वटा फैसला भएका तथ्यांकमा आयोगले जनाएको छ ।

ती फैसलामध्ये विगत आर्थिक वर्षका २७६ वटा र गत आर्थिक वर्ष का ११९ वटा मुद्दा रहेका छन् । 'विशेष अदालतबाट आव २०८१/८२ का ११९ वटा फैसलाहरूमा ६७.२३ प्रतिशत मुद्दामा कसुर स्थापित भएको छ,' आयोगले शुक्रबार सार्वजनिक गरेको विज्ञप्तिमा भनिएको छ, 'विशेष अदालतबाट पूर्णपाठसहितको प्राप्त फैसलाहरूमध्ये आर्थिक वर्ष २०८१/८२ मा सर्वोच्च अदालतमा २५१ वटा पुनरावेदन गरिएको र पाँचवटा मुद्दाहरू उपर पुनरावलोकन गरिएको छ ।'

आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले गत आवमा भ्रष्टाचारसम्बन्धी कूल २८ हजार ५९७ उजुरी प्राप्त भएको जानकारी दिए । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका आठ हजार ४२९ उजुरीसमेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या ३७ हजार २६ रहेको उनले बताए ।

यसरी दर्ता भएका उजुरीमा सबैभन्दा बढी स्थानीय तहसँग सम्बन्धित छन् । स्थानीय तहसँग सम्बन्धित उजुरी ५३.८४ प्रतिशत रहेको आयोगको विवरणमा उल्लेख छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## इरानको जेलमा रहेका पाँच नेपाली स्वदेश फर्किए

**काठमाडौं (प्रस)–** इरानको जेलमा रहेका पाँच नेपाली परराष्ट्र मन्त्रालयको पहलमा नागरिक थुनामुक्त भइ स्वदेश फर्किएका छन् । उनीहरूलाई त्यहाँको अदालतले थुनामुक्त गर्ने आदेश दिएपश्चात् तेहरानस्थित नेपाली अवैतनिक वाणिज्यदूत र अन्तर्राष्ट्रिय आप्रवासन संगठनको सहयोगमा बिहीबार काठमाडौं ल्याइएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले शुक्रबार प्रेस विज्ञप्तिमार्फत यस प्रक्रियामा सहयोग, सक्रियता तथा सदाशयता प्रदर्शन गर्ने भारत सरकार, इरान सरकारका सम्बन्धित निकाय तथा अधिकारीहरू, तेहरानस्थित नेपाली अवैतनिक वाणिज्यदूत र अन्तरराष्ट्रिय आप्रवासन संगठनप्रति धन्यवाद ज्ञापन गरेको छ । इजरायल र इरानबीच गत जुन १३ देखि सुरु भएको द्वन्द्व जुन २३ का दिन दुवै पक्षबीच युद्धविराम

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# गत आवमा बोर्डबाट १५१७ श्रमिकका परिवारले पाए क्षतिपूर्ति



> रोजगारीमा गएका श्रमिकको मृत्यु हुनु अत्यन्तै दु:खद हो । गत आवमा रोजगारीमा जानेहरु बढेकाले मृतकको संख्या पनि बढेको जस्तो देखिएको छ । यद्यपि, रोजगारीमा जानेहरु बढ्दा पनि मृत्युको दरलाई घटाउनतर्फ हामीले काम गर्नुपर्छ ।
>
> ■ **गुरुदत्त सुवेदी**
> निर्देशक तथा प्रवक्ता
> वैदेशिक रोजगार बोर्ड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका क्रममा गत आर्थिक वर्षभित्र मृत्यु भएकामध्ये




सबैभन्दा धेरै साउदी अरब गएका श्रमिक रहेका पाइएको छ । वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८१/८२ मा प्राकृतिक कारणले सबैभन्दा बढी साउदी अरबमा मृत्यु भएको हो । साउदीमा गत वर्ष १०९ जना नेपाली श्रमिकको प्रकृतिक कारणले मृत्यु भएको बोर्डले उपलब्ध गराएको तथ्यांकले देखाएको छ ।

साउदीकै हाराहारीमा नेपालीहरू जाने गरेका अन्य खाडी मुलुकको तुलनामा साउदीमा मात्र यसरी मृत्यु हुनेहरूको संख्या बढी देखिनु चिन्ताको विषय भएको सरोकारवालाहरू बताउँछन् । यसै अवधिमा सबैभन्दा बढी श्रमिक गएको संयुक्त अरब इमिरेट्स (युएई)मा ३१ जनाको प्रकृतिक कारणले मृत्यु भएको छ । यस्तै कतारमा ३८, मलेसियामा १२, कुवेतमा छ र बहराइनमा एक जनाको यसरी मृत्यु भएको तथ्यांकमा उल्लेख छ ।

केहि समय अघि मात्र ह्युमन राइट्स वाच र फेयरस्क्वायरको रिपोर्टले समेतसाउदीमा मृत्युको कारण लुकाएर श्रमिकको मृत्युको प्राकृतिक रूपमा भएको हो भन्ने गरिएको देखाएको थियो ।त्यहाँ कार्यस्थलमा भएको दुर्घटनामा मृतकलाई दिइने क्षतिपूर्तिको प्रक्रिया लामो र झण्झटिलो हुने भएकाले कम्पनीले श्रमिकको मृत्युको कारण प्राकृतिक हो भनेर पन्छिने गरेको यी संस्थाले सार्वजनिक गरेको प्रतिवेदनमा जनाइएको थियो । जसलाई पुष्टि गर्न यो तथ्यांकले थप सघाएको छ ।

वैदेशिक रोजगारीमा गएर मृत्यु हुनेमा सबैभन्दा बढी खाडी मुलुक जानेहरू नै छन् । यस अवधिमा सबैभन्दा बढी आत्महत्या गर्नेमा मलेसिया जाने श्रमिकहरू रहेका छन् । मलेसिया गएका ७० जनाको आत्महत्याबाट मृत्यु भएको तथ्यांक छ । दोस्रोमा युएई गएका ३१ जनाले आत्महत्या गरेका छन् । त्यस्तै साउदी अरबमा २३, कतारमा २६, कुवेतमा नौ, बहराइनमा चार र ओमानमा एक श्रमिकले आत्महत्या गरेका छन् ।

विभिन्न रोग र बिरामीका कारण पनि सबैभन्दा बढी मलेसिया गएका श्रमिकको मृत्यु भएको छ । त्यहाँ गएका १६२ जना श्रमिकको स्वास्थ्य समस्याका कारण मृत्यु भएको जनाइएको छ । त्यसपछि युएईमा ९८, कतारमा ९२, साउदीमा ७४, कुवेतमा २९, बहराइनमा १५ र ओमानमा तीन जना श्रमिकको रोग लागेर ज्यान गएको हो । उनीहरूलाई हृदयघात, मिर्गौलाको समस्या, क्यान्सर जस्ता घातक रोग लागेको तथ्यांकमा उल्लेख छ । कतिपय श्रमिकको स्वास्थ्य समस्या भने खुलाइएको छैन ।

⏭ क्रमशः पृष्ठ २ मा




# एक महिनासम्म चल्ने गुँलापर्व सुरू

**भादगाउँ (प्रस)**– बौद्ध धर्मावलम्बीको एक महिने गुँला पर्व शुक्रबारदेखि सुरु भएको छ । विशेषगरी बौद्ध धर्मावलम्बीहरूले धुमधामका साथ मनाउने यो पर्व नेपाल सम्वत्को गुँलाथ्व पारुदेखि ञलाथ्व पारुसम्म एक महिना मनाइने गर्दछ । शुक्रबारदेखि आगामी भदौ ८ गतेसम्म यस पर्व मनाइने गरिन्छ । नेपाल भाषामा 'गुँ' को अर्थ 'नौ' र 'ला' को अर्थ 'महिना' हो, यसअर्थमा नेपाल संवत्को नवौं महिनामा मनाइने पर्व भएकाले यसलाई गुँला पर्व भनिएको संस्कृतिकर्मी बताउँछन् ।

यस पर्वको अवसरमा मुख्यगरी नौ बाजा बजाउने परम्परा छ । गुँला पर्व विशेषगरी बौद्धमार्गीहरूको पर्व भएता पनि गुँला पर्वमा अन्य धर्मावलम्बीहरू समेत सहभागी हुने गर्छन् । पर्वको अवसरमा नगरका बहा:, बही, चैत्यलगायत विभिन्न मठमन्दिरको परिक्रमा गर्ने प्रचलन छ । गुँला पर्वमा बौद्धमार्गीहरू दैनिक महाचैत्यको परिक्रमा गर्नुका साथै उपत्यकाका विभिन्न चैत्यहरूको परिक्रमा गर्ने गर्दछन् । यस पर्वको प्रमुख विशेषता न्याकुँ बाजा बजाउनु हो । यो बाजा राँगाको सिङबाट निर्माण गरिएको हुन्छ । पछिल्लो समय विभिन्न मौलिक बाजागाजासहित गुँला पर्व मनाउने प्रचलन वृद्धि भएको छ । जसअनुसार धाः बाजा, बाँसुरी बाजा, धिमे बाजा, भुस्या बाजा बजाएर पनि चैत्यका साथै स्थानीय इष्टदेवता, गणेश, भीमसेन, भैरव र अष्टमाट्रिकालगायतका देवीदेवताकोसमेत परिक्रमा गर्ने प्रचलन छ ।

पृष्ठ १ बाट क्रमश:

## बजेट विवादले...

बजेटबारे सैद्धान्तिक छलफलअघि हेटौंडामा कांग्रेस संसदीय दलको बैठक बसेको थियो । तर मुख्यमन्त्री लामा र मन्त्री काफ्लेको मिलेमतोमा बजेट एकलौटी बाँडेको भन्दै कांग्रेसकै सांसदहरूले विरोध जनाएका थिए । सत्तापक्ष एमालेले पनि यो बजेटमा असहमति जनाउँदै आयो । यही कारण बागमती प्रदेशसभा लामो समयसम्म स्थगित भएको थियो ।

कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर २०८१ साउन ८ गते बागमतीको मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । २०७९ पुस १३ गते बानियाँलाई हराउँदै बहादुर कांग्रेस बागमती प्रदेश संसदीय दलको नेतामा निर्वाचित भएका थिए । लामाले २१ मत ल्याउँदा बानियाँले १६ मत प्राप्त गरेका थिए । दुवै संस्थापन पक्षका नेता भए पनि लामालाई संस्थापनइतर पक्षले समेत सघाएको थियो । त्यतिबेला मोहनबहादुर बस्नेतले पनि लामालाई सघाएका थिए । अहिले बस्नेत टेरामक्स प्रकरणमा मुद्दा परेपछि निलम्बनमा परेका छन् ।

बस्नेतले सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिकास्थित वडा ४ को ३० किलोमिटर सडक पिचका लागि १० करोडको योजना मागेकोमा १० लाखमात्र विनियोजन गरेको भन्दै उनी पक्षधर नेताहरू पनि बहादुरसँग रुष्ट सुनिएका छन् ।

अविश्वासको प्रस्ताव दर्ता भएसँगै कांग्रेस बागमती प्रदेश कार्यसम्पादनको बैठक बसेर चुनावी प्रक्रिया अघि बढाउने तयारीमा कांग्रेस लागेको छ । 'अबको केही दिनमै चुनावी प्रक्रिया अघि बढ्छ । प्रदेश समितिमा बानियाँकै वर्चश्व रहेकोले चुनावी प्रक्रिया ढिला हुन्न,' प्रदेश समितिका एक पदाधिकारीले भने । संसदीय दलको नेताबाट पदमुक्त भएपछि उनलाई राजीनामाको दबाब पर्ने देखिन्छ । उक्त निर्णय नमानेमा लामाले प्रदेशसभाबाट महिना दिनमा आफैंले विश्वासको मत लिनुपर्ने हुन्छ ।

■■■

## अख्तियारलाई ...

'प्राप्त हुन आएका उजुरीहरूमध्ये संघीय सरकारसँग सम्बन्धित १२ हजार ४७५ (३३.६९ प्रतिशत), प्रदेश सरकारसँग सम्बन्धित चार हजार ६१८ (१२.४७ प्रतिशत) र स्थानीय तहसँग सम्बन्धित १९ हजार ९३३ (५३.८४ प्रतिशत) रहेको छ,' आयोगले भनेको छ ।

आयोगका अनुसार आयोगको वेबसाइटबाट सबैभन्दा धेरै १० हजार २४५ उजुरी प्राप्त भएका छन् । यसैगरी लिखित निवेदनबाट १० हजार १८०, इमेलमार्फत आठ हजार ४८८, हुलाक सेवाबाट पाँच हजार ५५५ समेत गरी अन्य माध्यमहरू टेलिफोन, भाइबर, फेसबुक, मोबाइल एप, समाचार पत्र, राष्ट्रिय सतर्कता केन्द्र र हेलो सरकारसमेतबाट दुई हजार ५५८ उजुरी प्राप्त भएका आयोगको भनाइ छ ।

'आयोगमा प्राप्त भएका ३७ हजार २६ कूल उजुरीमध्ये छानबिन तथा अनुसन्धानबाट २९ हजार ७०३ (८०.२२ प्रतिशत) उजुरी फर्स्योट भएको र बाँकी सात हजार ३२३ चालु आवमा जिम्मेवारी सरेर आएको छ,' आयोगले भनेको छ, 'प्राप्त उजुरीमध्ये छ हजार ७१५ विभिन्न निकायमा आवश्यक कारबाहीका लागि लेखी पठाइएको र ५८६ सुझावसहित कार्यान्वयनका लागि लेखी पठाइएको छ ।'

विशेष अदालतमा १३७ वटा आरोपपत्र दायर भएकोमा कूल ७५३ जना प्रतिवादी बनाई पाँच अर्ब ९७ करोड ७३ लाख आठ हजार रूपैयाँ बिगो मागदाबी लिइएको आयोगले जनाएको छ । ती मध्ये घुस/रिसवतसँग सम्बन्धित ३७ वटा, गैरकानुनी लाभ वा हानिसँग सम्बन्धित ३६ वटा, झूठा/नक्कली शैक्षिक योग्यताको प्रमाणपत्रसम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसँग सम्बन्धित २३ वटा, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी आठ वटा रहेका छन् । यसैगरी सम्पत्ति शुद्धीकरणसम्बन्धी दुई वटा र विविध विषयका चार वटा रहेका छन् । रंगेहात कारबाही २२ वटा भएकामा ३३ जनालाई नियन्त्रणमा लिई ५५ लाख १० हजार रूपैयाँ रकम बरामद भएको आयोगले जनाएको छ ।

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि आयोगबाट तीनवटा प्रदेशस्तरीय, १३ वटा जिल्लास्तरीय र १४३ वटा पालिकास्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको प्रमुख आयुक्त राईले बताए ।

■■■

## इरानको ...

भएपश्चात् शान्ति सुरक्षाको स्थिति क्रमश: सहज हुँदै गएकाले जनजीवन सामान्यतर्फ उन्मुख छ । उक्त अवधिभित्र दुवै मुलुकमा रहेका नेपालीहरूको हकहित र सुरक्षालाई मध्यनजर गर्दै मन्त्रालयले यात्रासम्बन्धी सुझाव र सूचना जारी गरेको थियो । साथै आवश्यक परेको बखत आपत्कालीन उद्धारका लागि विवरण संकलन गरिएको थियो ।

द्वन्द्वको अवधिमै नेपाल सरकारले भारत सरकारलाई गरेको अनुरोधलाई सम्मान गर्दै 'अपरेसन सिन्धु' अन्तर्गत भारतीय नागरिकहरूलाई उद्धार गर्न गएको भारतीय विमान सेवाको उडानबाट विभिन्न मितिमा तीन चरणमा नौ जना नेपाली नागरिकलाई यसअघि नै इरानबाट उद्धार गरी भारत हुँदै निजहरू सबै जना स्थलमार्गबाट सकुशल आ-आफ्नो घर फिर्ता भइसकेका छन् ।

■■■

## गत आवमा...

रोजगारीमा गएका श्रमिकको सडक दुर्घटना र कार्यस्थलको दुर्घटनामासमेत ज्यान जाने गरेको छ । यसरी मृत्यु हुनेमा सबैभन्दा बढि साउदी गएकाहरू छन् । गत आ.व.मा साउदीमा ७४ श्रमिकको यसरी मृत्यु भएको छ । त्यस्तै मलेसियामा ३२, युएई र कतारमा ३०-३० जना, कुवेतमा १७, ओमानमा छ र बहराइनमा एक जनाको यसरी मृत्यु भएको छ ।

रोजगारी मृत्यु भएका एक हजार ५१७ जनालाई बोर्डले गत आवमा क्षतिपूर्ति दिएको छ । बोर्डले यस अवधिमा एक अरब दुई करोड ३४ लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराएको जनाएको छ । उक्त अवधिमा ४८१ जनको शव झिकाइदिएको छ भने एक हजार ८६ जनाको शव घरसम्म ढुवानी गरिदिएको छ । रोजगारीमा जानेहरूको संख्या बढ्दा मृतकको संख्या पनि स्वाभाविक रूपले बढेको बोर्डका निर्देशक तथा प्रवक्ता गुरुदत्त सुवेदीले बताए । यसर्थ बोर्डले उपलब्ध गराउँदै आएको क्षतिपूर्तिसमेत बढेको उनको भनाइ छ ।

'रोजगारीमा गएका श्रमिकको मृत्यु हुनु अत्यन्तै दुःखद हो । गत आवमा रोजगारीमा जानेहरू बढेकाले मृतकको संख्या पनि बढेको जस्तो देखिएको छ । यद्यपि, रोजगारीमा जानेहरू बढ्दा पनि मृत्युको दरलाई घटाउनतर्फ हामीले काम गर्नुपर्छ,' उनले भने, 'यसका लागि आभिमुखिकरणलाई प्रभावकारी बनाउने, सीप सिकाउने, श्रमिकलाई सचेत बनाएर पठाउनेतर्फ ध्यान दिनुपर्छ ।'


## युएइमा रोजगार

कम्पनी : NATIONAL CATERING COMPANY LIMITED W LL

पूर्व स्वीकृति मिति : २०८०/११/१६ LT. No. 300800 चलानी नं. ६०२१५६३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Assistant | 34 | 0 | 1000 | ३७,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75

S.N. Recruiting Service Pvt Ltd

Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

## युएइमा रोजगार

कम्पनी : LAFAYETTE GENERAL CONTRACTING - L.L.C- S.P.C.

पूर्व स्वीकृति मिति : २०८२/04/0९ LT. No. 327345 चलानी नं. ६०२४१६७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Supervisor | 1 | 0 | 2000 | ७५,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1500 | ५६,४१० | | | | | | | |
| 3 | Construction Worker | 2 | 0 | 1000 | ३७,६०८ | | | | | | | |
| 4 | STEEL FIXER | 1 | 0 | 1500 | ५६,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074

DEEP JYOTI MANPOWER SERVICE PVT LTD.

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,

Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

## MAURITIUS मा रोजगार

कम्पनी : T&T INTERNATIONAL FOODS LTD

पूर्व स्वीकृति मिति : २०८२/04/0८ LT. No. 327742 चलानी नं. ६०२४१६०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 30 | 30 | 17110 | ५२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD

Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, 9861477936, 9851405368, 9801814417, 9704141922, Tel: +977-1-4960523,4957731, Email : globalreliance03@gmail.com

License No. : 832/066/67

## युएइमा रोजगार

कम्पनी : SHAIKHA LADIES SALOON

पूर्व स्वीकृति मिति : २०८०/0९/२३ पून: स्वीकृति मिति : २०८२/04/0९ LT. No. 297805 चलानी नं. ६०२१२८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicurist | 0 | 1 | 1500 | ५६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIRDRESSER | 0 | 1 | 1500 | ५६,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

OM OVERSEAS EMPLOYMENT PVT.LTD

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,

E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com


## सच्याईएको सूचना

मिति २०८२/०४/०८ गते यस प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित श्री तामाखे सामुदायिक वन उपभोक्त समुह माई न.पा.-७ ईलामको २१ दिने काठ र दाउरा लिलाम बिक्रीको सुचनामा लट नं २ र ३ हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

## काठ, दाउरा लिलाम सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति २०८२।०४।०८**

यस श्री तामाखे सा.व.उ.स. को आ.व. २०८१/०८२ मा ढला पडाबाट संकलन भएको साल गोलिया लट नं.३।४ जम्मा परिमाण १२२१.९७ क्यू.फि गोलिया को २१ दिने काठ लिलाम सूचना प्रकाशित गरिन्छ । इच्छुक फर्म कम्पनीले सम्बन्धित कार्यालय डि.व.का. इलाम समूहमा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री तामाखे सा.व.उ.स., माई न.पा. ७, इलाम**

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२।४।१०**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८१/०८२ मा सालझण्डी सुगुरेढुङ्गा सडक आयोजना अन्तर्गत पर्ने रूखहरू कटान गर्दा उत्पादन भएको साल, असना, जोगिकाठ, बाँझी, बोटधयरो, भद्रे जामुन, भलायो गोलिया १७४०.६५ क्यू.फि. काठ र साल दाउरा ४ चट्टा, अन्य दाउरा १.७५ चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री पाखापानी सा.व.उ.स., रैनादेवी छहरा-७, पाल्पा ।**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Sgarmatha It Traders** कम्पनीले CHAIN बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | उत्पत्तिको मुलुक राष्ट्र | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|
| 1. | Discription - Aufit Inverter Air Conditioner (Asw-H12k/Qgr18di) | CHAIN | 71042 | |

बिक्रेताको फर्मको नाम: **Sgarmatha It Traders** — स्थायी लेखा नं: **606076597**

ठेगाना: **Anamnagar-29, Kathmandu, Nepal** — फोन नं: **9860645656**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Bishu Total Exterprises** कम्पनीले CHAIN बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | मोडल | उत्पत्तिको मुलुक राष्ट्र | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | Discription-Aufit Inverter Air Conditioner (Asw-H18k/Qgr18di) | 1150210001214 | CHAIN | 91094 | |

बिक्रेताको फर्मको नाम: **Bishu Total Exterprises** — स्थायी लेखा नं: **111879609**

ठेगाना: **Anamnagar-29, Kathmandu, Nepal** — फोन नं: **9860645656**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**शनिबार, १० साउन, २०८२**

| | |
|---|---|
| **मेष** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **वृष** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **मिथुन** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **कर्कट** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **सिंह** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| **कन्या** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **तुला** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **वृश्चिक** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **धनु** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **मकर** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कुम्भ** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **मीन** | रोकिएका कम बन्ने नयाँ योजना । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० साउन , २०८२ (२६ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.७८ | १३८.३८ |
| युरो | १ को | १६०.६७ | १६१.३७ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.५३ | १८६.३४ |
| स्विस फ्रैन्क | १ को | १७२.३४ | १७३.०९ |
| अस्ट्रेलियन डलर | १ को | ८९.८० | ९०.१९ |
| क्यानाडियन डलर | १ को | १००.५१ | १००.९५ |
| सिङ्गापुर डलर | १ को | १०७.४८ | १०७.९४ |
| जापानी येन | १० को | ९.३३ | ९.३७ |
| चिनियाँ युआन | १ को | १९.२० | १९.२८ |
| साउदी अरब रियाल | १ को | ३६.७३ | ३६.८९ |
| कतारी रियाल | १ को | ३७.८० | ३७.९६ |
| थाई भाट | ख १ को | ४.२६ | ४.२८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.५१ | ३७.६८ |
| मलेसियन रिङेट | १ को | ३२.५३ | ३२.६७ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १४.३३ | १४.३९ |
| डेनिस क्रोनर | १ को | २१.५२ | २१.६२ |
| हङकङ डलर | १ को | १७.५५ | १७.६३ |
| कुवेती दिनार | १ को | ४५१.०७ | ४५३.०४ |
| बहराइन दिनार | १ को | ३६५.४६ | ३६७.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




**जलमग्न घोराही** | दाङमा शुक्रबार दिउँसोको वर्षाका कारण जलमग्न बनेको घोराही उपमहानगरपालिका–१५ स्थित मुख्य बजार क्षेत्रको सडक । ढल निकास नहुँदा पानी पर्नासाथ यस स्थानका सडकहरू जलमग्न हुने गर्छन् । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# पानीजन्य जोखिम घटाउन अनुगमन, १५९ जार नष्ट

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले बर्खामा पानीजन्य जोखिम घटाउन पिउने पानी उत्पादन, ढुवानी तथा वितरण प्रणालीमा नियमित अनुगमन गरिरहेको छ । कामपाले यही असारमा गरेको अनुगमनका क्रममा १५९ पिउने पानी बोकेको जार नष्ट गरेको हो ।

अनुगमनका क्रममा कामपाले पानी भित्र्याउने विभिन्न नाकामा टोली परिचालन गरी सहरवासीलाई पिउने पानीको आवश्यकता पूरा गराउन प्रशोधित पानीको सेवा दिने व्यवसायीका सवारीसाधन, पिउने पानीको जारको नियमित अनुगमन गरेको जनाएको छ ।

अनुगमनका क्रममा मापदण्डविपरीत भेटिएका जारलाई कामपाले अनुगमनकै क्रममा नष्ट गरेको कामपाका कृषि तथा पशुपन्छी विभागका प्रमुख नुरनिधि न्यौपानेले जानकारी दिए । अनुगमनका क्रममा कुच्चिएका, फुटेका र भित्रको पानी नदेखिने अपारदर्शी जार भेटिने गरेको र उक्त जारहरू नष्ट गर्ने गरिएको प्रमुख नौपानेले जानकारी दिए ।

अनुगमनका क्रममा त्रुटि पाइएका पानी उत्पादक कम्पनीलाई मापदण्डविपरीत प्रशोधित पिउने पानीका जार बिक्री वितरण नगर्न, जारमा स्पष्ट विवरण खुलेको लेबल राख्न, कम्पनीले जारी गरेको बिलबिजक गाडीमै लिएर हिँड्न निर्देशन दिइएको पनि न्यौपाने जानकारी दिए ।

त्यस्तै कामपाले हैजा रोग नियन्त्रणका लागि समुदाय तहमा पुगेर नागरिकले पिउने पानीको नमुना परीक्षण गर्ने तायरीसमेत गरेको छ । पानीको नमूना परीक्षणसँगै कामपाको प्रत्येक वडामा अभिमुखीकरण कार्यक्रम गर्न सुरू गर्ने तयारी गरेको कामपा महामारी रोग रोकथाम तथा नियन्त्रणका लागि फोकल पर्सन ऋषि भुसालले जानकारी दिए ।

भुषालका अनुसार विगतको वर्षमा भन्दा यस वर्ष मनसुन छिट्टै भित्रिएको र नियमितजस्तै पानी परिरहेकाले हैजाका बिरामी बढ्न सक्ने अनुमान गर्दै कामपाले नियन्त्रणका लागि काम थालनी गर्न लागेको हो । विगतका वर्षहरूमा बल्खु, कालीमाटी, टंकेश्वर क्षेत्रमा हैजाका बिरामी भेटिएका भनाइ छ ।

### के हो हैजा

दूषित पानीबाट सर्ने धेरै ब्याक्टेरियाजन्य रोगमध्ये एक हो हैजा । पिउने पानी र खानेकुरा नै हैजाको प्रमुख कारण मानिन्छ । व्यक्तिगत वा वरपरको सरसफाइमा ध्यान नदिनु र लक्षण नदेखिएका संक्रमितसँग सम्पर्कमा आउनलेसमेत मानिसमा यो रोग सार्ने गर्दछ ।

### हैजाका लक्षणहरू

निरन्तर पातलो दिसा लाग्नु, पटकपटक बान्ता आउने, पेट वा खुट्टाको मांसपेशी बाउँडिने, छाला चाउरी पर्न थाल्ने, आँखा गाडिनुका साथै मुख सुक्खा हुनु, रक्तचाप कम हुनु, धेरै पसिना आउने, रिंगटा लाग्ने आदि हुन् । *रासस*

# 'मातृभाषामा पत्रकारिताको योगदान महत्त्वपूर्ण'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले मातृभाषामा पत्रकारिताले अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको अभ्यासलाई बलियो बनाउने बताएका छन् ।

बिहीबार नेवाः पत्रकार राष्ट्रिय दबूका पदाधिकारीले बुझाएको अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलनको प्रतिवेदन बुझ्दै उनले भने, 'बहुजातीय, बहुभाषिक देशमा राज्यप्रति सबैको अपनत्व, संघीयताको प्रवर्द्धनका लागि मातृभाषामा पत्रकारिताको महत्त्वपूर्ण भूमिका रहन्छ । यो सम्मेलनले त्यसको भूमिकालाई उजागर गरेको छ ।'

उनले सम्मेलनको निष्कर्ष, उठान गरेका बहसलाई कानुन निर्माणमा, राज्यको व्यवहारमा कार्यान्वयन गर्न पहल गर्ने प्रतिबद्धता जनाए । 'देशीविदेशी पत्रकारहरूको सहभागितामा तपाईंहरूले सम्पन्न गर्नुभएको सम्मेलनको आफ्नै महत्त्व र विशेषता छ । यसबाट आएको निष्कर्ष कार्यान्वयन गर्न पूरा सहयोग गर्ने छु,' उनले भने ।



पत्रकार राष्ट्रिय दबूले गत जेठ ३० र ३१ गते 'मातृभाषा संरक्षणका लागि पत्रकारिता' सम्मेलन आयोजना गरेको थियो । सो सम्मेलनमा बंगलादेश, भारतका विभिन्न प्रान्त र नेपालका पत्रकारहरूको सहभागिता रहेको थियो । सम्मेलनले समावेशी पत्रकारिताको विकास, समग्र पत्रकारिताको विकासमा मातृभाषा पत्रकारिताको महत्त्व र आवश्यकतासम्बन्धी विविध निष्कर्ष निकालेको थियो ।

सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा भएको भेटमा नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष सुनिल महर्जन, महासचिव केके मानन्धर तथा सदस्यद्वय पूर्णभक्त दुवाल र विकास मालीलगायत सहभागी थिए । नेपालका प्रथम मातृभाषी पत्रकार धर्मादित्य धर्माचार्यले पत्रकारिता सुरू गरेको १०० वर्ष पुगेको उपलक्ष्यमा पत्रकार राष्ट्रिय दबूले सम्मेलन गरेको थियो । समावेशी सञ्चार र मातृभाषा पत्रकारिताको विकासका लागि नेवाः पत्रकार राष्ट्रिय दबूले १३ वर्षदेखि निरन्तर वकालत गर्दै आएको छ ।

# 'तिलगंगा नेत्र विश्वविद्यालय विधेयक' स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'राष्ट्रिय सभामा उत्पत्ति भएको तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रतिनिधिसभाबाट स्वीकृत भएको छ । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सभामुख देवराज घिमिरेले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तद्वारा प्रस्तुत गरिएको उक्त विधेयकलाई सर्वसम्मतिले स्वीकृत गरिएको घोषणा गरेका हुन् ।

विधेयकको छलफलमा भाग लिँदै सांसद योगेशकुमार भट्टराईले पछिल्लो समय नेपालमा आँखा उपचार क्षेत्रमा क्रान्ति भएको बताए । 'आँखा उपचारलाई अझै प्रभावकारीरूपमा अगाडि बढाउनका लागि तिलगंगा नेत्र विश्वविद्यालय आवश्यक छ,' उनले भने, 'तर यसको स्थायित्व हुनुपर्छ । विधेयक राम्रो छ, म स्वागत गर्न चाहन्छु ।' सांसद भट्टराईले नेत्र विशेषज्ञ डा. सन्दुक रूइतले नेत्र उपचारको क्षेत्रमा पुर्‍याएको योगदानको प्रशंसा गरे ।

सांसद ज्ञानेन्द्रबहादुर कार्कीले पनि डा. रूइतले एक लाखभन्दा बढी आँखाको निःशुल्क शल्यक्रिया गरेर योगदान पुर्‍याउनुभएको भन्दै उनको नेतृत्वमा तिलगंगा नेत्र विश्वविद्यालय खोल्नु प्रशंसनीय कार्य रहेको बताए । सांसद विमला सुवेदीले तिलगंगा नेत्र विश्वविद्यालय खोलेर दक्ष जनशक्तिको उत्पादनमा जोड दिनुपर्ने बताइन् । 'एउटै किसिमको विश्वविद्यालयमा फरक-फरक मापदण्ड रहेका छन्, त्यसर्थ छाता ऐनको निर्माण हुन आवश्यक छ,' उनले भनिन् ।

सांसद वासुदेव घिमिरेले विधेयकको समर्थन गर्दै नेपाललाई नेत्र स्वास्थ्यको आकर्षक हबका रूपमा विकास गर्न जरुरी रहेको बताए । छलफलमा सांसदहरू रामप्रकाश चौधरी, अम्मरबहादुर रायमाझी, मैना कार्की, देवेन्द्र पौडेल, ज्ञानु बस्नेत सुवेदी, दुर्गा राई, नारायणी शर्मा, हितराज पाण्डे, प्रेम सुवाल, रञ्जुकुमारी झा, कालुराम राई, भगवती चौधरी, सरिता भुसाल, जनार्दन शर्माले भाग लिएका थिए ।

छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री पन्तले दक्षिण एसियामा नेत्र उपचारको सम्भावना नेपालमा देखिएको भन्दै तिलगंगा नेत्र विश्वविद्यालयले आँखा रोगीहरूलाई छिटोछरितो, सरल, सस्तो, सहज स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग गर्ने विश्वास व्यक्त गरे ।

'विधेयकलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ? आँखा उपचारमा के-के सम्भावना छन्? भन्नेबारे डा रूइतसँग गहन छलफल भएको छ,' उनले भने, 'विश्वविद्यालयको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्ने विषयमा छाता ऐनको मस्यौदा पनि तयार भइसकेको छ । मस्यौदालाई यसै वर्ष संसद्मा दर्ता गर्ने सरकारको तयारी छ ।'

मन्त्री पन्तले नेपालको दुर्गम क्षेत्रमा बसोबास गर्ने आँखाका रोगीमध्ये ६५ प्रतिशत नागरिकलाई मोतीबिन्दुको समस्या रहेको भन्दै आँखा उपचारको क्षेत्रमा दक्षिण एसियामा अगाडि बढ्ने सम्भावना नेपालको रहेको बताए ।

'विश्वविद्यालय स्थापना हुँदा नेपालीलाई मात्रै दक्ष र शिक्षित बनाउने नभई विश्वका अन्य देशका विद्यार्थी पनि अध्ययनका लागि आकर्षित हुने सम्भावना छ,' उनले भने, 'हामीले उत्पादन गरेका लेन्सलाई कसरी प्रत्यारोपण गर्ने भन्ने विषयमा वैज्ञानिक छलफल हुनसक्छ । यो विश्वविद्यालयले नेपाललाई शैक्षिक हबका रूपमा विकास गर्ने सम्भावनाको रूपमा रहनसक्छ ।'


## कुवेतमा रोजगार

कम्पनी : NAILS BAR UNIQUE LADIES BEAUTY SALON — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६४७ — LT. No.: 327796

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Technicial (Manicurist/Pedicurist) | 0 | 6 | स. काममा दक्ष | 150 | ६७,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AVE RESTAURANT COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६४६ — LT. No.: 327795

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | COFFEE MAKER/COFFEE PROVIDER | 4 | 4 | सम्बन्धित काममा दक्ष | 130 | ५८,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter/waitress | 2 | 5 | | 130 | ५८,७९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते ( 2 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82
MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०२/२५ मा दर्ता भएको **प्रा. लि. नं. १९०४५१/०७४/०७५** को **जिवनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** को मिति २०८२/०४/०९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## साउदीमा रोजगार

कम्पनी : ABDULLAH AL OTHAIM MARKETS COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०४/०९ — LT. No. 327788 — चलानी नं. ६०२४१६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelves Packing Worker | 15 | 0 | 1000 | ३६,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74



## साउदीमा रोजगार

कम्पनी : ONE ROUND CAR SERVICE COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०४/०८ — LT. No. 327744 — चलानी नं. ६०२४१५४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 3 | 0 | 1000 | ३६,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com
Govt. License No. 1440/074/75



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०४/२२ मा दर्ता भएको **प्रा. लि. नं. १९५२९१/०७५/०७६** को **यन्जल्स स्टोर प्रा. लि.** को मिति २०८२/०४/०९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## MAURITIUS मा रोजगार

कम्पनी : PICK AND BUY LIMITED
पूर्व स्वीकृति मिति : २०८२/०४/०९ — LT. No. 327650 — चलानी नं. ६०२४१६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pastry Maker | 15 | 0 | 17110 | ५२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 20 | 0 | 17110 | ५२,०७५ | | | | | | | |
| 3 | Room Attendants | 30 | 0 | 17110 | ५२,०७५ | | | | | | | |
| 4 | Bakery Cook | 20 | 0 | 17110 | ५२,०७५ | | | | | | | |
| 5 | Fish Packer | 30 | 0 | 17110 | ५२,०७५ | | | | | | | |
| 6 | Packing Operator | 100 | 0 | 17110 | ५२,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०३/०५ मा दर्ता भएको **प्रा. लि. नं. १५१०७९/०७२/०७३** को **श्री. सी. इन्टरनेशनल प्रा. लि.** को मिति २०८२/०४/०९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## साउदीमा रोजगार

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD
पूर्व स्वीकृति मिति : २०८२/०१/१० — पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०९ — LT. No. 322453 — चलानी नं. ६०२३६५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | load & unload worker | 3 | 0 | 1200 | ४४,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | constructing worker | 1 | 0 | 1200 | ४४,१८५ | | | | | | | |

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LT
पूर्व स्वीकृति मिति : २०८१/०८/०७ — पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०९ — LT. No. 314825 — चलानी नं. ६०२२९०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDER | 12 | 0 | 1500 | ५५,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 8 | 0 | 1500 | ५५,२३५ | | | | | | | |

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD
पूर्व स्वीकृति मिति : २०८१/१२/०७ — पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०९ — LT. No. 320852 — चलानी नं. ६०२३४९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1200 | ४४,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः जब ओरियन्टेशन ट्रेनिङ इन्स्टिट्युट प्रा.लि., शामाखुशी र संस्थाको कायालर्य, काठमाडौंमा मितिः २०८२ साउन १७/१८/१९/२० गते (2/3/4/5Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०१/२२ मा दर्ता भएको **प्रा. लि. नं. १४८७५२/०७२/०७३** को **श्री. सी. हस्पिटालिटी प्रा. लि.** को मिति २०८२/०४/०९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## फ्रि भिषा !!! फ्रि भिषा !!! फ्रि भिषा !!!

## युएइमा रोजगार

कम्पनी : AL AIHAM MARBLE & GRANITE L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०४/०९ — LT. No. 327781 — चलानी नं.६०२४१६१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 5 | 0 | 1500 | ५६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter Assistant | 5 | 0 | 1200 | ४५,१३० | | | | | | | |
| 3 | Asst. Tile Fixer | 10 | 0 | 1200 | ४५,१३० | | | | | | | |
| 4 | Tile Layer | 8 | 0 | 1500 | ५६,४१० | | | | | | | |
| 5 | Assistant Mason, Bricks | 10 | 0 | 1200 | ४५,१३० | | | | | | | |
| 6 | Labour (building Projects) | 10 | 0 | 1200 | ४५,१३० | | | | | | | |

कम्पनी : OPTIMUM ENGINEERING S.A.L - ABU DHABI
पूर्व स्वीकृति मिति : २०८२/०४/०९ — LT. No. 327782 — चलानी नं.६०२४१६१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1500 | ५६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 6 | 0 | 1500 | ५६,४१० | | | | | | | |

कम्पनी : TRACE LINE CARPENTRY WORKS L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०४/०९ — LT. No. 327890 — चलानी नं. ६०२४१६७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1500 | ५६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 6 | 0 | 1500 | ५६,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०९३/०७३/०७४
Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com



> टनकपुर ब्यारेजबाट भारतीय पक्षले पानी नछाड्दा किसानको खेतमा पानी पुग्न नसकेको हो । उक्त नहर निर्माण भएर परीक्षणसमेत भइसकेको अवस्थामा भारतीय पक्षले आनाकानी गर्दा पानी सञ्चालन हुन सकेको छैन । चार वर्षअघि उक्त नहर परीक्षणको क्रममा टनकपुरबाट आएको पानीले धान दिवससमेत मनाइएको थियो । त्यसपछि भने नहरमा पानी आउन सकेको छैन ।

## महाकाली सिँचाइ तेस्रो चरण

# नहर बन्यो, पानी आएन

**महादेव अवस्थी**/कञ्चनपुर

महाकाली सिँचाइ आयोजना तेस्रो चरणको ब्रह्मदेवदेखि शुक्लाफाँटा नगरपालिकाको फुलेलीसम्म २८ किलोमिटर मूल नहर निर्माण भएको वर्षौं भइसक्यो । फुलेलीदेखि कैलालीको गोदावरीसम्म थप २० किलोमिटर निर्माणाधीन अवस्थामा छ । मूल नहर निर्माण भएको २८ किलोमिटरमा २२ वटा शाखा नहरमध्ये आधा निर्माण भइसकेका छन् । उक्त क्षेत्रमा तीन हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने संरचना तयार भए पनि भारतले टनकपुरबाट नहरमा पानी नछोड्दा नहर यहाँका किसानले सिँचाइ सुविधा पाउन सकेका छैनन् ।

टनकपुर ब्यारेजबाट भारतीय पक्षले पानी नछाड्दा किसानको खेतमा पानी पुग्न नसकेको हो । उक्त नहर निर्माण भएर परीक्षणसमेत भइसकेको अवस्थामा भारतीय पक्षले आनाकानी गर्दा पानी सञ्चालन हुन सकेको छैन । चार वर्षअघि उक्त नहर परीक्षणको क्रममा टनकपुरबाट आएको पानीले धान दिवससमेत मनाइएको थियो । त्यसपछि भने नहरमा पानी आउन सकेको छैन ।

'नहरमा पानी आयो भने किसानको तीन हजार हेक्टर खेतमा पुर्‍याउन सकिन्छ,' महाकाली सिँचाइ आयोजना तेस्रो चरणका आयोजना निर्देशक डा. योगेन्द्र मिश्रले भने, 'तीन हजार हेक्टरमा संरचना तयार छन्, महाकालीबाट पानी आएको अवस्थामा थप पाँच हजार हेक्टरमा सिँचाइ सुविधा पुग्छ ।' उनले टनकपुरबाट पानी छाड्नका लागि थुप्रै प्रयास भए पनि नेसनल हाइड्रोपावर कर्पोरेसन (एनएचपिसी) ले पानी छाड्न नमानेको बताए ।

एनएचपिसीले माथिल्लो तहबाटै उद्घाटन गरेरमात्रै पानी छाड्न सकिने बताउँदै आएको छ । 'दिल्लीको आदेश आउनेबित्तिकै पानी छाड्छौं भन्ने जवाफ एनएचपिसीका कर्मचारीले दिने गरेका छन्,' उनले भने, 'यस विषयमा हामीले विभागमा समेत जानकारी गराइसकेको छौं ।'

दुवै देशका प्रधानमन्त्रीले संयुक्तरूपमा उक्त आयोजनाको उद्घाटन गरेपछि मात्रै नहरमा पानी आउने अवस्था बनेको छ । आगामी भदौमा प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमण तय भएको छ । उक्त भ्रमणका क्रममा यो विषयले प्राथमिकता पाउन सके नेपालले महाकाली सन्धिअनुसारको पानी महाकाली नदीबाट पाउने छ ।

नहरमा पानी सञ्चालन हुन सके निर्माण कम्पनीलाई पनि कामको गति बढाउन दबाब पुग्ने आयोजना निर्देशक मिश्र बताउँछन् । 'अहिले जग्गा अधिग्रहण गर्दा पनि नहरमा पानी आएको छैन भन्ने जवाफ आउँछ,' उनले भने, 'नहरमा पानी सञ्चालन हुन सकेमा खेतमा सिँचाइ हुने आसमा यी समस्याको समाधान पनि हुने थियो ।' उनले आगामी तीन वर्षभित्रमा ब्रह्मदेवदेखि कैलालीको गोदावरीसम्मको मुल नहर निर्माण सम्पन्न गरी पाँच हजार हेक्टरमा सिँचाइ पुर्‍याउने गरी काम भइरहेको बताए ।

'यहाँ जग्गाको मुख्य समस्या छ, यहाँका नागरिकले मुआब्जा रकम बढी दाबी गर्ने गरेका छन्, नहर बनाउनुपर्ने स्थानमा ऐलानी जग्गा छ, मुक्त कमैयाको जग्गा छ,' उनले भने, 'जग्गा र वनको समस्याले आयोजनाको काममा ढिलाइ हुँदै आएको छ ।'

महाकाली सन्धिमा सम्झौता भएको छ महिनाभित्र नहर निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि सम्झौताको ३० वर्षसम्म नेपालले पाउनुपर्ने पानी नपाएको महाकाली सन्धिका जानकार विष्णु अवस्थीले बताए । 'सन्धि सम्झौता भएको तीन दशकसम्म पनि नेपालले पानी पाउन सकेको छैन, यसमा सरकार गम्भीर भएर लाग्नुपर्छ,' उनले भने, 'यसपटक प्रधानमन्त्रीको भ्रमणमा यो विषयले प्राथमिकता पाउनुपर्छ नेपालले सन्धि सम्झौताअनुसारको पानी पाउनुपर्छ ।'

उनले नेपालतर्फ नहरका संरचना तयार भए पनि सरकारको तर्फबाट पहल नपुग्दा यहाँका किसानको खेतमा पानी पुग्न सकेको छैन । उनले सन्धि सम्झौताअनुसार टनकपुर ब्यारेजबाट हिउँदमा ३०० क्युसेक र बर्षात्मा एक हजार क्युसेक पानी पाउनुपर्ने बताए । आर्थिक वर्ष २०६३/६४ देखि सुरु भएको महाकाली सिँचाइ तेस्रो चरणको आयोजनाका लागि सुरुआतदेखि नै प्रयाप्त बजेट नहुँदा निर्माण कार्यले गति लिन सकेको थिएन । सरकारले आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेपछि निर्माण कार्यले गति लिएको थियो ।

लक्ष्यअनुसार मूल नहरसहित १५१ किलोमिटर नहर निर्माण भएपछि कैलाली र कञ्चनपुरको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने छ । आयोजनाका अनुसार हालसम्म नौ अर्ब रूपैयाँ बजेट खर्च भइसकेको छ । चालु आर्थिक वर्षमा पनि आयोजनाका लागि करिब दुई अर्ब रूपैयाँ बजेट विनियोजन भएको छ । कञ्चनपुरमा हाल महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध छ ।

वि.सं. २०४२ मा सुरु भई २०४८ मा सम्पन्न भएको महाकाली सिँचाइ पहिलो चरणबाट चार हजार ८०० हेक्टर र २०५२ मा सम्पन्न भएको दोस्रो चरणबाट छ हजार ८०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ । पहिलो र दोस्रो चरणको सिँचाइबाट यहाँको भीमदत्त र बेदकोट नगरपालिका तथा बेलडाँडी गाउँपालिकासम्म सिँचाइ सुविधा उपलब्ध छ । महाकाली सिँचाइ तेस्रो चरणको काम सम्पन्न भए कैलाली र कञ्चनपुरको ३५ हजार हेक्टरमा सिँचाइ सुविधा पुग्ने छ । *रासस*

# फितलो विपद् पूर्वतयारीले निम्त्याउनसक्ने संकट

**सिंगबहादुर थापा**/सर्लाही



> विपद् पूर्वतयारीका नाममा केही पालिकाले गोदाममा त्रिपाल थुपारेर राख्नेबाहेक कुनै काम गरेका छैनन् । यसले विपद्मा परेका नागरिकको पुनर्स्थापनाका लागि पर्याप्त नहुने नागरिक समाजका अगुवाको भनाइ छ । विपद्को अवस्थामा पीडितहरू स्थानीय तहले गर्ने व्यवहारले थप पीडित बन्ने गरेका उनको अनुभव छ । गत वर्ष पानी कम परेको सर्लाहीको दक्षिणी क्षेत्रका बलरा, रामनगर, विष्णु, कौडेनालगायतका पालिकाका सयौं नागरिक घरबारविहीन बनेका थिए । त्यतिबेला धेरैको बालीनाली बाढी र डुबानमा परेर नष्ट भएको थियो ।

मौसम पूर्वानुमान महाशाखाले यस वर्ष विगतकोभन्दा धेरै पानी पर्ने प्रक्षेपण गरेको छ । देशका अन्य भूभागमा पानी परिरहेको भए पनि मधेसमा मौसम राम्रोसँग बदली हुन सकेको छैन । असार खडेरीमा बितेको मधेसमा धान रोपाइँ प्रभावित त भयो नै, खानेपानीकोसमेत संकट गहिरिन थालेपछि चौतर्फी चिन्ता बढेको छ । आकाशको पानी पर्न नसकेपछि भूमिगत जलसतह गहिरिँदै गएको तथ्यांकले देखाएको छ । तराई मधेसको अहिलेको टड्कारो चिन्तासँगै अर्को विपत्तिको आँकलन स्थानीयले गर्न थालेका छन् । साउनको पहिलो हप्ता बित्नैलाग्दा झरी नदेखेका स्थानीय अब हुने वर्षाको रूप कस्तो होला भनेर चिन्तित बनेका हुन् ।

यस वर्ष विगतकोभन्दा धेरै वर्षा हुने मौसम विज्ञहरूको यस पहिलाकै चेतावनी हो । यस अर्थमा यस वर्ष मधेसमा हुने वर्षा सामान्य हुने छैन । असारभरि पानी पर्न नसकेको तराईमा साउनको पहिलो हप्ता पनि उस्तै गरी टर्ने हो की भन्ने चिन्ताले स्थानीयवासी चिन्तित छन् । सर्लाहीको लालबन्दी नगरपालिका-१३, सेती भिरका सन्तबहादुर रखाल मगर यस वर्षको मौसमी अवस्थालाई ३२ वर्ष पहिलाको विपत्तीको पूर्वसंकेतसँग तुलना गर्छन् । यसरी ढिलोगरी भएको वर्षाले वितण्डा ल्याउने उनको अनुमान छ ।

'वि.सं. २०५० मा पनि यस्तै भएको थियो,' उनले स्मरण गरे, 'असार पूरै सुक्खामै टरेको थियो । किसान खेती गर्न नपाएपछि अनिकालको चिन्ता गर्दै थिए । एक्कासि साउन ५ गते रातिबाट मुसलधारे वर्षा सुरु भयो । तीन दिन, तीन रात आकाशले आँखै उघारेन । त्यसपछि देशको चारैतिर तहसनहसबाहेक केही थिएन ।' यस वर्ष पानी नपरेपछि धान रोप्न नपाएका उनमा चामल किनेर खानुपर्ने चिन्तासँगै प्रतिकूल मौसमको डर देखिन्थ्यो ।

'आफूले गरेको खेतीबाट चामल खान कहिले खाँचो भएको थिएन,' उनले भने, 'यसपाला किनेर खानुपर्ने भयो ।' अन्नको जोहोभन्दा पनि मौसमको अबको वितण्डा के हुने ? भन्ने चिन्ताले उनलाई थप सताइरहेको छ । भौगोलिक अवस्थिति नबुझी बसेका वा बसाइएका मानव बस्ती र गरिएको विकासले प्राकृतिक विपत्तिको ठूलो जोखिम निम्त्याइरहेको जिल्लास्थित मानवअधिकार आयोगका प्रतिनिधि तथा पूर्वप्रधानाध्यापक रजनीकान्त झा बताउँछन् ।

'यस्ता प्राकृतिक विपत्तिको मूल्यांकन मानिसले घर बनाउने, बसोबास गर्ने बेलामा गर्दैनन्,' उनले भने, 'जहाँ खाँबो गाड्न मिल्छ त्यही घर बनाइहाल्ने प्रचलनले हामी आफैंले विपत्ति निम्त्याइरहेका छौं ।' पानीको निकासा छेक्ने, सिमसार क्षेत्र पुर्ने, भिर काटेर घर बनाउनेजस्ता व्यवहारले पहिरो, डुबान, बाढीजस्तो चपेटामा पर्ने र जोखिम बढ्ने गरेको उनको भनाइ छ । यसतर्फ राज्यका कुनै निकायले ध्यान नदिएको झा बताउँछन् ।

'संघीयता कार्यान्वयनपछि गठित स्थानीय तहले गरेका विकासमा झन् कुनै निकास छैन,' नागरिक समाजका महासचिव शिवचन्द्र चौधरीले भने, 'जनप्रतिनिधि, ठेकेदार, अपरेटर सबै इन्जिनियर उहाँहरू आफैंले आफ्नो हिसाबले विकास गर्नुभएको छ । प्रकृतिले आफ्नो हिसाबले विनाश गर्ने पक्का छ ।' प्राकृतिक हिसाबले बगेका खोला र खहरेलाई मानिसले तीव्र गतिमा आफ्नो स्वार्थअनुसार घुमाउने, खुम्च्याउने, पुर्ने गर्दा जोखिम बढेको उनले बताए ।

तराईको ठाउँमा पानीले निकास नपाउने हुँदा प्रत्येक वर्ष गाउँबस्ती डुबानमा पर्ने गरेको छ । धेरै खहरे खोला र सदाबहार नदीहरू उर्लिएर गाउँबस्तीमा पस्ने गरेका छन् । विपद् व्यवस्थापन समिति सर्लाहीले तयार गरेको प्रतिवेदनअनुसार सर्लाहीमा बागमती, लखन्देखी, झिमलगायतका नदी तथा त्यसका सहायक खोलाहरू एकादशी, मनुसमारा, सोतीलगायतले जिल्लामा ठूलो भू-भाग र त्यसमा बसोबास गर्दै आएका नागरिकलाई प्रभावित पार्दै आएको छ ।

जिल्लाको बलरा नगरपालिका, रामनगर गाउँपालिका, धन्कौल गाउँपालिका, बसबरिया गाउँपालिका, विष्णु गाउँपालिका, गोडैता नगरपालिका, कौडेना गाउँपालिका, ब्रह्मपुरी गाउँपालिका र मलंगवा नगरपालिकामा यी नदीले बालीनालीमासमेत ठूलो क्षति पुर्‍याउने गरेको विगतको तथ्यांक छ । वर्षौंदेखि स्थानीयलाई दु:ख दिँदै आएका यस्ता खोला तथा खहरेको क्षति आँकलन गरेर गरिने पूर्वतयारीमा स्थानीय तह भने मौन बस्ने गरेका छन् ।

जनप्रतिनिधिसमेत हरेक वर्षा नागरिकको गाँस र बास गुमेपछि राहतको ललिपप बोकेर निर्लज्ज भएर गाउँ आउने गरेका बरहथवा नगरपालिका-५ का दिनेश महतोले गुनासो गरे । केही वर्ष पहिलासम्म खुला भएर बग्ने आफ्नो घर अगाडिको सोती खोलाले पानी परेपछि मच्चाउने वितण्डा सम्झेर उनी चिन्तित छन् । 'विगतका वर्षमा नै यो खोला घर उर्लिएर आउँथ्यो,' उनले भने, 'यस वर्ष नगरले विकास गर्ने नाममा आधा खोला पुरेर बाटो बनाएको छ । अब के हुने हो थाहा छैन ।'

### के छ त पूर्वतयारी ?

स्थानीय सरकार सञ्चालन ऐनले पालिका क्षेत्रमा विपद् व्यवस्थापनको सम्पूर्ण अधिकार र जिम्मेवारी पालिकालाई नै दिएको छ । तर, पालिकाहरू यसतर्फ गैरजिम्मेवार बन्ने गरेको स्थानीयको गुनासो छ । समय रहँदै गर्नुपर्ने सम्भावित जोखिम क्षेत्र पहिचान, नागरिकको जीउधनकै रक्षाका लागि गर्नुपर्ने पूर्वतयारीलाई बेवास्ता गर्ने गरेको जिल्लाको धन्कौल-५, निवासी जितेन्द्रसिं कुशवाहाले बताए ।

विपद् पूर्वतयारीका नाममा केही पालिकाले गोदाममा त्रिपाल थुपारेर राख्नेबाहेक कुनै काम गरेका छैनन् । यसले विपद्मा परेका नागरिकको पुनर्स्थापनाका लागि पर्याप्त नहुने नागरिक समाजका अगुवा चौधरीको भनाइ छ । विपद्को अवस्थामा पीडितहरू स्थानीय तहले गर्ने व्यवहारले थप पीडित बन्ने गरेका उनको अनुभव छ । गत वर्ष पानी कम परेको सर्लाहीको दक्षिणी क्षेत्रका बलरा, रामनगर, विष्णु, कौडेनालगायतका पालिकाका सयौं नागरिक घरबारविहीन बनेका थिए । त्यतिबेला धेरैको बालीनाली बाढी र डुबानमा परेर नष्ट भएको थियो ।

यस वर्ष बलरा नगरपालिकाले नागरिक सुरक्षाका लागि सम्पूर्ण तयारी गरेको बलरा नगरपालिकाका प्रमुख रामाशंकरप्रसाद कुशवाहाले जानकारी दिए । नगरपालिकाअन्तर्गतको १ देखि ५ नम्बरसम्मको वडा प्रभावित हुनसक्ने पूर्वानुमानअनुसार खाद्यान्नसँगै सुरक्षित आवासको पहिचान गरी तयारी गरिएको उनको भनाइ थियो । 'हामीले नगरअन्तर्गतको विपद् व्यवस्थापन समितिमार्फत तयारी पूरा गरेका छौं,' उनले भने, 'तत्काल उद्धार गर्नुपर्दा नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग समन्वय र सहकार्य गर्नेगरी योजना बनाएका छौं ।'

यस पहिला जिल्लास्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा नगरअन्तर्गतको समस्या समाधानको पहल गरेको उनले बताए । भारततर्फ निर्माण भएको एसएसबी रोडका कारण बागमती नदीको पानी नेपालतर्फ फर्किएर क्षति गर्ने गरेको प्रमुख कुशवाहाले बताए । भारतीय पक्षले डयामका रूपमा सडक निर्माण गरिदिएपछि विगत तीन वर्षदेखि हरेक वर्ष बलरा नगरपालिकाको पाँच वडा डुबानमा पर्दै आएको उनको गुनासो छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले बल्ल साउनेको पहिलो हप्ता बैठक बसेको छ । यस बैठकबाट जिल्लामा देखिएको खानेपानी संकट समाधानको पहिलो पहल सुरु गरेको प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले जानकारी दिए । मलंगवा नगरपालिका, हरिपुर्वा नगरपालिका, चन्द्रनगर गाउँपालिकालगायतका स्थानमा खानेपानी नहुँदा स्थानीय नागरिक समस्यामा परेको भन्दै बैठकबाट समस्या समाधानको चौतर्फी पहल गर्ने निर्णय गरेको हो ।

यस्तै, खडेरीले धान रोप्न नपाएका किसानको राहतका लागि सिँचाइ आयोजनाको व्यवस्थापनको पहल गर्ने तथा कार्यक्षेत्र विस्तारका लागि आग्रह गर्न उनले बताए । अहिलेसम्म नपरेको पानी एक्कासि अनियन्त्रितरूपमा परे त्यसको व्यवस्थापन कसरी गर्ने योजनामा छन् भन्ने प्रश्नमा विपद् पूर्वतयारी गरिएको र आवश्यकताअनुसार स्रोत र जनशक्ति परिचालन गरिने उनले बताए । तथापि, जिल्लाका जोखिमयुक्त स्थान, नागरिक र जोखिमको अवस्था आँकलन र स्पष्ट योजना भने बनाउन बाँकी रहेको उनको दाबी छ ।

यस वर्ष मौसम थप सक्रिय भएर वर्षा अधिक हुने प्रक्षेपणले त्यसबाट सिर्जना हुने विपद् जोखिम बढ्ने सहजै अनुमान लगाउन सकिन्छ । तर, त्यसको पूर्वतयारी सोहीअनुसार हुन नसक्नुले विपद्पछिको ठूलो क्षतिको संकेत गरेको जानकारहरूको भनाइ छ । *रासस*



**निर्माणाधीन घोरेटो बाटो** | करिब पाँच करोड ५० लाख रूपैयाँको लागतमा दार्चुलाको व्याँस गाउँपालिकाका दुईवटा वडा जोड्नेगरी महाकाली नदी किनारै किनार निर्माण भइरहेको दुम्लिङ-छाङ्रु घोरेटो बाटो । यो बाटोले व्याँस गाउँपालिका-१ को छाङ्रु टिंकर र वडा नम्बर २ को कल्जु दुम्लिङ गाउँ जोड्ने छ ।

*तस्बिरः नरेन्द्रसिंह कार्की/रासस*

# वन संरक्षणसँगै फिर्ता आउन थाले हराएका वन्यजन्तु



■ **राजेन्द्रप्रसाद पनेरु**

**कञ्चनपुर–** कृष्णपुर नगरपालिका-६ बञ्जरियास्थित महाकाली सामुदायिक वन अहिले हराभरा भएको छ। पहिला उजाड र खुला चरिचरनको थलो बनेको वन क्षेत्र स्थानीय उपभोक्ताको लगनशीलता, समर्पण र वैज्ञानिक वन व्यवस्थापनले उदाहरणीय ढाँचाका रूपमा रूपान्तरण भएको हो ।

सामुदायिक वन अहिले सुन्दर, हरियाली हुनुका साथै वन्यजन्तुको बासस्थानमा परिणत भएको सामुदायिक वनका सक्रिय उपभोक्ता कमलप्रसाद चौधरीले बताए । उनका अनुसार केही वर्षअघिसम्म खुला मैदान, मिचाहा प्रजातिका बिरुवाले भरिएको र चरिचरनले क्षतिग्रस्त यो वन क्षेत्र अहिले साल, अस्ना, विजयसाल, हर्रो, बर्रो, अमलालगायत प्रजातिका बिरुवाले हराभरा देखिन्छ । 'पहिले उजाड थियो, खुला चरिचरन नियन्त्रण गर्‍यौं, मिचाहा प्रजातिका बिरुवा हटायौं, मानव प्रवेश निषेध गर्‍यौं,' ६७ वर्षीय चौधरीले भने, 'अहिले वन हेर्दै लोभलाग्दो भएको छ ।' उनका अनुसार वन संरक्षणसँगै हराएका वन्यजन्तु फिर्ता आउन थालेका छन् ।

'चितल, बँदेल, नीलगाई, मयुर, वनकुखुरालगायत वन्यजन्तु वनमा फर्किएका छन्,' कोषाध्यक्ष कालुसिंह चौधरीले भने, 'चार दशक अघिसम्म वन क्षेत्रमा वनकुखुरा देखेका थिएनौं, अहिले वनकुखुरा देखिनु उत्साहजनक परिवर्तनको संकेत हो ।' जंगली जनावरको चहलपहल बढेपछि पानीको व्यवस्थापनका लागि कृत्रिम पोखरी निर्माण गरिएको उनले जानकारी दिए ।

सामुदायिक वनका उपभोक्ताले वन क्षेत्र संरक्षण गर्न गर्न पालैपालो डढेलो नियन्त्रण गर्नका लागि अग्निरेखा निर्माण गर्ने, डढेलो लागेमा सबै मिलेर आगो निभाउने, वनमा नयाँ बिरुवा रोक्नेलगायत कार्य गरेकाले वन पुनः उत्पादनमा टेवा पुगेको कोषाध्यक्ष चौधरीले बताए । वन संरक्षण भएसँगै उपभोक्ताले सहजरूपमा दाउरा, घाँस, काठलगायत वनपैदावार उपभोग गर्न पाएका सामुदायिक वनका सचिव देवकी नेगीले बताइन् ।

वन उपभोक्ता समूहका अध्यक्ष वीरबहादुर राजवंशीले सामुदायिक वन हराभरा हुनुमा उपभोक्ताको त्याग, समर्पण र वनप्रतिको गहिरो लगावका कारण सम्भव भएको बताए । वन संरक्षणमा टेवा पुर्‍याउनका लागि उपभोक्ता समितिका पदाधिकारी, सल्लाहकार समिति, कर्मचारीलाई जिम्मेवारी तोकेर कार्य गरिँदै आइएको उनको भनाइ छ ।

झाडी सरसफाइ, एक्ल्याउने, पतल्याउने, अग्निरेखा निर्माण गर्ने, वनगस्तीलगायत कार्यको जिम्मेवारी बाँडफाँड गरेर प्रगति भए/नभएको बारेमा कार्यालयमा छलफल-विश्लेषण गरी सोहीअनुरूप रणनीति बनाएर संरक्षणका थप गतिविधि गरिँदै आइएको उनले उल्लेख गरे । उनका अनुसार कार्यविभाजनले उपभोक्तामा अपनत्व र सहभागिता वृद्धि हुनुका साथै वनस्पतिको वृद्धिदर र जैविक विविधताको संवर्द्धनमा टेवा पुगेको छ ।

'वन पुनःउत्पादनले हावा, पानी, जमिन र तापक्रमको सन्तुलन कायम राख्न सहयोग पुर्‍याएको छ,' अध्यक्ष राजवंशीले भने, 'रुखबिरुवाले जमिन सम्हालेका छन् । पहिलाको जस्तो वन क्षेत्रमा भूक्षयको समस्या छैन, जैविक विविधता सुरक्षित भएको छ, रुखहरूले वर्षा गराउन सहयोग गर्ने भएकाले पोखरी तथा खोलामा पानी सुक्ने समस्या समाधान भएको छ ।'

वन पुनःउत्पादन कार्यबाट स्थानीयलाई वृक्षरोपण, हेरचाह, काठजन्य उत्पादन, वनलगायत क्षेत्रबाट आम्दानीको अवसर मिलेको उल्लेख गर्दै उनले सुदृढ वनले सौन्दर्य बढाउनुका साथै पर्यटकीय सम्भावनालाई बढाउने विश्वास व्यक्त गरे । सामुदायिक वनले काठ, दाउरा, घाँस, बिक्री गरेर आएको आम्दानीबाट समूहले दुईतले भवन, 'मेशवायर' जडान, प्रतीक्षालय निर्माण, बलुवा नदीमा पुल निर्माण, महादेव र वनदेवी मन्दिर निर्माण गरी स्थानीय पूर्वाधार विकासमा उल्लेखनीय योगदान पुर्‍याएको सामुदायिक वनका सल्लाहकार समितिका संयोजक मेघबहादुर कँडेलले बताए ।

उनका अनुसार सामाजिक विकासअन्तर्गत घुम्ती कोष, साना व्यवसाय, बेमौसमी तरकारीखेती, पशुपालन र विदेशमा गएका सदस्यलाई पुनर्स्थापित गर्न वार्षिक शून्य दशमलव पाँच प्रतिशत ब्याजदरमा सहुलियत ऋण प्रदान गर्दै आइएको छ । 'यस कार्यले महिला सशक्तीकरण, युवाको स्वरोजगार र विपन्न समुदायको जीवनस्तर सुधारमा योगदान पुर्‍याएको छ,' सल्लाहकार कँडेलले भने, 'समूहले स्थानीय टोल समिति सशक्तीकरण, सूचना प्रवाह र सचेतनामूलक गतिविधिमार्फत उपभोक्तासँगको सम्बन्ध मजबुत बनाएको छ ।'

सामुदायिक वनको रूपान्तरण केवल वनको हरियालीको मात्र नभई समुदायको सामूहिक चेतना, सहकार्य र दीर्घकालीन सोचको उपज रहेको बताउँदै उनले एउटा उजाड भूभाग आज जीवन, आशा र समृद्धिको हरित थलो बनेको उल्लेख गरे । २०६६ माघ २० गतेदेखि विधिवत्‌रूपमा दर्ता भएको यो सामुदायिक वन १९७.५७ हेक्टर क्षेत्रफलमा फैलिएको छ । सामुदायिक वनमा २४९ उपभोक्ता आश्रित छन् भने वार्षिक आय ३० लाख रूपैयाँको हाराहारीमा हुने गरेको छ । *रासस*

# बस्ती जोगाउन गेग्रान पन्छाउँदै पालिका



**मुस्ताङ (प्रस)–** यहाँको थासाङ गाउँपालिका-२ स्थित (कोवाङ-लार्जुङ)बीच भागमा बग्ने लांक्यु खोलामा जल सतह उच्च हुँदा लार्जुङ बस्तीका करिब १८ घर बाढीको उच्च जोखिममा पर्ने गरेका छन् । धौलागिरि आइसफलको फेदबाट बग्ने लांक्यु खोलामा पानीको बाहव बढी हुँदा लार्जुङ बस्ती उच्च जोखिममा पर्ने गरेका हुन् । यस वर्षको मनसुन सरु भएदेखि हालसम्म चारपटक उक्त बस्ती बाढीपहिरोको उच्च जोखिममा परेको हो । बर्खायाममा लांक्यु ठाडो खोलाको बाहवले लार्जुङ बस्तीलाई बर्सेनि तर्साइरहन्छ ।

गत १६ असार र साउन ७ गते लांक्यु खोलाको बाहव उच्च भएपछि वर्षा हुँदा स्थानीय बाढी आउने सक्ने त्रासमा बस्ने गरेका छन् । ठाडो खोलाको बाढीले बस्ती बगाइदिने चिन्ताले लार्जुङबासीको मनमा त्रासदी छाएको छ । जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, जनप्रतिनिधि, थासाङ गाउँपालिकालगायतले बस्ती बचाउने उद्देश्यले मध्यरातिसम्म खोलालाई नियन्त्रणमा लिन डोजर चलाएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकास परियारले जानकारी दिए ।

'अझै पनि लार्जुङ बस्तीको जोखिम कायम रहेकाले बुधबारदेखि खोलालाई नियन्त्रणमा लिन पालिकाले थप अग्रसरता देखाएको छ,' उनले भने । कोवाङ-लार्जुङ बीचको लांक्यु खोलामा बाढीसँगै ढुंगा, गिट्टी, बालुवा र ग्रेगान भरिँदै जान थालेपछि नदी उकास वृद्धि हुँदा बस्ती जोखिममा परेको परियारले बताए ।

'लांक्यु खोलाको करिब ३०० मिटरभन्दा बढी दूरीमा नदीजन्य गेग्रान भरिँदा बस्ती उच्च जोखिममा परेको हो । मनसुन कायमै रहेकाले कुनै पनि बेला विपद्‌जन्य घटना हुनसक्ने भएकाले बस्ती जोगाउन पहल थालेका छौं,' उनले भने, 'खोलालाई साविकको अवस्थामा बग्न दिन नदी उकास घटाउनुपर्ने भएपछि पालिकाको पहलमा खोलामा थुप्रिएका ढुंगा, गिट्टी, बालुवा र ग्रेगान पन्छाउन सुरु गरेका हौं ।'

पालिकाले डोजर भाडामा लिएर बाढीका कारण हुनसक्ने जोखिमबाट बस्ती जोगाउन करिब ३०० मिटर दूरीमा नदीजन्य उकास घटाएर खोलाको गहिराइ बढाउने काम गरिरहेको प्रमुख प्रशासकीय अधिकृत परियारले जानकारी दिए । उनले कोवाङ-लार्जुङ जोड्ने पुलबाट कालीगण्डकी नदीको दोभानसम्म २०० मिटर र उक्त पुलबाट माथिल्लो भागको करिब १०० मिटर दूरीमा भरिएको ग्रेगान पन्छाउन गाउँपालिका कार्यालय प्रयासरत रहेको उल्लेख गरे ।

दुई दिनसम्ममा करिब आधाभन्दा बढी ग्रेगान पन्छाउने काम भएको जनाउँदै उनले अझै केही दिन लाग्नसक्ने उल्लेख गरे । उनका अनुसार लांक्यु खोलामाथिको अवस्थित पुरानो झोलुङ्गे पुलका कारण बाढी आउँदा बस्ती जोखिममा पर्ने महसुस गरी उक्त पुल हटाइएको छ ।

नदी उकाससँगै बाढी आउँदा अवस्थित पक्की पुल माथिबाट खोला बग्ने गरेकाले उक्त पुल हटाइएको थासाङ-२ का वडाध्यक्ष गौतम शेरचनले जानकारी दिए । मनसुन कायम रहेकाले उक्त पुल पनि बगाउनसक्ने जोखिम रहेको बताउँदै उनले तत्कालका लागि सम्भावित बाढीको जोखिम न्यूनीकरण गर्न डोजर परिचालन गरेर लांक्यु खोलाको सतहलाई तल झार्ने काम थालिएको जानकारी दिए ।

# महिलामैत्री छैन सिरहाको कारागार

**सिरहा–** महिला कैदीबन्दीको संवेदनशीलता र सुरक्षालाई ध्यानमा राखी 'महिलामैत्री' कारागारको आवश्यकता बारम्बार उठ्दै आएको छ। तर सिरहाको कारागारमा अहिले त्यस्तो कुनै सुविधा उपलब्ध छैन ।

महिला कैदीबन्दीका लागि छुट्टै संरचना नहुनु, बनाइएको भवनमा आवश्यक संरचना नपुगेको र वर्तमान कारागारको भीडभाडले यो समस्या थप जटिल बनाएको कारागार प्रशासक सुवोधकुमार महतोले बताए। उनका अनुसार महिला कैदी तथा बन्दीलाई राख्नका लागि छुट्टै प्रकारको कारगार छैन । महिना दिनअघिबाट यहाँका महिला कैदीबन्दीलाई अन्यत्र स्थानान्तरण गरिएको छ ।

महिला कैदीका लागि छुट्टै आवासीय भवन, पर्याप्त र सुरक्षित शौचालय तथा स्नानगृह, शिशुसहितका महिलाका लागि बाल संरक्षण कक्ष, सुरक्षित भेटघाट कक्ष र गोपनीयता सुनिश्चित गर्ने सुविधा आवश्यक मानिन्छ ।

## अधुरो भवन, अपूरो योजना

मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटअन्तर्गत करिब ६० लाख रूपैयाँको लागतमा महिला कैदीबन्दीका लागि भनेर एक नयाँ भवन निर्माण थालिएको भए पनि हालसम्म त्यो अधुरो छ । झन् त्यस भवनमा महिलामैत्री आवश्यक संरचना पनि छैन । कारागार प्रशासक महतोले भने, 'कम्पाउण्ड वाल, खानेपानीको सुविधा, शौचालय, सेफ्टीटचांकी, सेन्ट्री पोस्ट, भेटघाट कक्ष यति नहुँदासम्म उक्त भवन प्रयोगविहीन हुन्छ ।'

झन् चिन्ताको विषय त उक्त भवनमा प्रयोग गरिएको झ्याल सिसाको हो, जुन सुरक्षाका दृष्टिकोणले अत्यन्त जोखिमपूर्ण मानिन्छ । महतो भन्छन्, 'त्यही सिसा फुटाएर अवाञ्छित क्रियाकलाप हुने तथा विभिन्न घटना घटाउन सक्ने सम्भावना हुन्छ। किन र कसरी त्यो प्रयोग गरियो, म अनभिज्ञ छु। म यहाँ प्रमुख बनेर आएको डेढ महिनामात्र भएको छ ।'

## जीर्ण संरचना र क्षमताभन्दा बढी कैदी

सिरहाको मुख्य कारागार २०२८ सालमा निर्माण भएको हो, जुन आजसम्म स्तरोन्नति गरिएको छैन । पुरानो संरचना, अपुग सुविधा र कैदीबन्दीको अत्यधिक संख्याले स्थिति अझ भयावह बनाएको छ । यो कारागारको क्षमता १५० जनाको मात्र भए पनि हाल यहाँ ४४२ जना कैदीबन्दी राखिएको छ । साउन ४ गते कारागारभित्रै आन्तरिक प्रशासनको नाइके तोक्ने विषयमा कैदीबन्दीबीच झडप हुँदा १३ जना घाइते भएका थिए । हाल उनीहरूको काठमाडौंमा उपचार भइरहेको कारागार प्रशासक महतोले जानकारी दिए । *रासस*

# निकुञ्जसम्बन्धी कसुरमा ४४२ जना पक्राउ

चितवन (प्रस)- चितवन राष्ट्रिय निकुञ्जले गत आर्थिक वर्षमा निकुञ्जसम्बन्धी विभिन्न कसुरमा ४४२ जनालाई पक्राउ गरी कारबाही गरेको छ । वनसम्बन्धी अपराधमा २६६ र वन्यजन्तुसम्बन्धी अपराधमा १७६ जनालाई पक्राउ गरिएको हो ।

गैंडा मुद्दामा आठ, बाघसम्बन्धी मुद्दामा एक, बँदेलका २६, पन्क्षीका तीन, सालकका पाँच, माछाका १२६, ढुंगागिट्टी, बालुवाका पाँच, घाँसदाउराका १४१ र निगुरोका ८७ जनालाई पक्राउ गरिएको निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरले बताए । अनुमतिविना निकुञ्जभित्र प्रवेश गर्ने २३, निकुञ्जको निषेधित क्षेत्रमा प्रवेश गर्ने छ, हिउँचितुवा कसुरमा दुई, चितुवामा पाँच र च्याउसम्बन्धी कसुरमा चार जनालाई पक्राउ गरी कारबाही गरिएको उनले जानकारी दिए ।

पक्राउ परेकाविरुद्ध विभिन्न २६ वटा मुद्दा दर्ता भएका बताउँदै मगरले जिल्ला अदालतमा चारवटा र अन्य मुद्दा निकुञ्ज कार्यालयमा दर्ता भएका जानकारी दिए। अदालतमा दर्ता गरिएका मुद्दामा सालक, गैंडा, बाघसम्बन्धी रहेका छन् ।

निकुञ्जले दर्ता गरेका मुद्दामध्ये १४ वटाको फैसला गरिएको छ । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका २७ वटा मुद्दासहित ती मुद्दा फैसला गरिएको उनले बताए । उनका अनुसार चालु आर्थिक वर्षका लागि जिम्मेवारी सरी आएका २६ वटा मुद्दा रहेका छन् ।

# उपल्लो डोल्पाको मोरिम्ला नाका २० दिनका लागि खुला गरिने

सुर्खेत (प्रस)- उपल्लो डोल्पामा व्यापार गर्न यही साउन २५ गते नेपाल र चीनबीचको मोरिम्ला नाका खुला गरिने भएको छ । चीनको सिगात्से काउन्टीअन्तर्गत डोंबा प्रान्तका अधिकारीहरूसँग छलफल भई यही साउन २५ देखि भदौ १३ गतेसम्म सीमा क्षेत्र खोल्ने निर्णय भएको शे-फोक्सुण्डो गाउँपालिकाका उपाध्यक्ष पेम्मावाङछेन गुरुङले जानकारी दिए ।

उपल्लो डोल्पाको तीन पालिकाका लागि मोरिम्ला नाका प्रत्येक वर्ष एक पटक खोलिँदै आएको छ । यस वर्ष सीमा पार गरेर व्यापार गर्न दुई हजार २०० जनाले सीमा प्रवेश 'पास' लिएको सहायक प्रमुख जिल्ला अधिकारी दामोदर ज्ञवालीले जानकारी दिए । पालिकाको मागअनुसार यस अवधिमा सशस्त्र प्रहरी र नेपाल प्रहरी सीमानाकासम्म परिचालन गरिने भएको छ। अघिल्लो वर्ष १५ दिनका लागि खुला गरिएको थियो ।

विगतदेखि खुल्दै आएको मोरिम्ला नाकाबाट उपल्लो डोल्पावासीले दैनिक उपभोग्य सामग्री, लत्ताकपडा, विभिन्न मेसिनरी सामग्री खरिद गर्ने गर्छन् । उपल्लो डोल्पा भौगोलिकरूपमा विकट भएकाले नेपाली सामान खरिद गर्दा ढुवानी खर्च महँगो पर्ने भएकाले एक वर्ष पुग्ने गरी सस्तो मूल्यमा चिनियाँ सामग्री खरिद गर्दै आएका छन् ।


**युएइमा रोजगार** कम्पनी : EJADAH ASSET MANAGEMENT GROUP LLC

पूर्व स्वीकृति मिति : २०८२/04/0८ | LT. No. 327749 | चलानी नं. ६०२४१६११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 150 | 50 | 1000 | ३७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513, Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम ईजाजत नं. ८८३/०६७/०६८

**MAURITIUS मा रोजगार** कम्पनी : TIANLI SPINNING (MAURITIUS) CO LTD

पूर्व स्वीकृति मिति : २०८०/११/03 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/0९ | LT. No. 300055 | चलानी नं. ६०२१४९७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spinner | 28 | 0 | 15000 | ४५,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: सुनसरी, मोरङमा मितिः २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No: 332/059/060
Jassim Trading & Services Pvt. Ltd.
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np

**कतारमा रोजगार** कम्पनी : AMWAJ SHINE TRADING CONTRACTING & CLEANING

पूर्व स्वीकृति मिति : २०८२/04/0९ | LT. No. 327544 | चलानी नं. ६०२४१५८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 2 | 1500 | ५६,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Cleaning worker | 0 | 2 | 1000 | ३७,९४० | | | | | | | |
| 3 | Light Driver/driver | 2 | 0 | 1400 | ५३,१२० | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ९४,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067
K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.
Tokha-5 kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

## चौथो 'म्युजिक खबर तीज म्युजिक अवार्ड' हुने

'म्युजिक खबर तीज म्युजिक अवार्ड'को चौथो संस्करण सुरू भएको छ । आयोजक शुभकामना मिडिया सोलुसनले एक विज्ञप्ति जारी गर्दै अवार्डको आवेदन खुला भएको जनाएको हो । तिजलाई लक्षित गीतसंगीत र त्यसका सृजनालाई समेटेर आयोजना हुने अवार्डमा विभिन्न विधाका स्रष्टा र उनीहरूको सिर्जनालाई अवार्ड प्रदान गरिनेछ । अवार्ड आयोजक समितिको अध्यक्ष सबिता पोखरेलले यो पटक अवार्डमा २२ विधामा स्रष्टा र उनीहरूको सृजनालाई पुरस्कृत गरिने बताइन् ।




# क्षमतालाई लण्डनमा 'इन्टरनेसनल बेस्ट टेरोट कार्ड रिडर'को अवार्ड




■ प्रभाव संवाददाता

**लण्डन –** नेपाली मुलकी क्षमता ढकालले बेलायतमा आयोजित ३९औं वार्षिक इन्टरनेशनल एस्ट्रोलोजी, वास्तु र टेरोट कन्फ्रेन्स यूके-२०२५ मा 'इन्टरनेशनल बेस्ट टेरोट कार्ड रिडर'को अवार्ड जितेर सम्पूर्ण नेपाली समुदायको शिर गर्वले उचो बनाएकी छन् ।

क्षमता ढकाल हाल लण्डनमा वकालतसगै टेरोट कार्ड रिडिङ, स्प्रिच्युएल हिलिङ र कानुनी व्यवसायमा सक्रिय रूपमा संलग्न रहँदै आएकी छन् । काठमाडौंमा जन्मिएकी ढकालले आफ्नो कर्मभूमिमा पाईला टेकेदेखि नै आध्यात्मिक मार्गमा आफ्नो सशक्त उपस्थिति जनाएकी छन् । यो अवार्डका लागि बिकाश दुलाल गुरु र लोकराज पौडेल गुरुद्वारा गरिएको सिफारिसप्रति क्षमता ढकालले गहिरो आभार प्रकट गरेकी छन् । साथै, कार्यक्रममा प्रमुख आयोजक सन्दीप बोसलाई विशेष धन्यवाद दिँदै उनले भनिन्, 'म यो सम्मान पाउँदा अत्यन्तै भाग्यशाली र धन्य महसुस गरिरहेकी छु । नेपाल र नेपालीको पहिचान अन्तर्राष्ट्रिय स्तरमा फैलाउन पाउँदा गर्व लागेको छ ।'

यो अवार्डले न केवल उनको व्यक्तिगत सफलतालाई प्रतिनिधित्व गर्छ, तर नेपालबाट विश्वभर फैलिएको आध्यात्मिक चेतनाको उज्यालो चित्रण पनि हो । टेरोटको माध्यमबाट मानिसको मानसिक स्वास्थ्य, आत्मिक उन्नति र जीवनका रहस्य खोल्ने कार्यमा क्षमता ढकालले समर्पणका साथ सेवा दिँदै आएकी छन् ।

उनी विशेष गरी महिला सशक्तीकरण, आध्यात्मिक आत्म-खोज, र जीवनका कठिन मोडहरूमा बाटो देखाउने जीवनदर्शनको प्रवाह गर्नमा अगाडि छन् । उनका सेवाबाट लाभान्वित हुनेमा नेपाली मात्र होइन, बेलायती, युरोपेली र दक्षिण एशियाली समुदायका हजारौं व्यक्तिहरू छन् ।

उनको आगामी योजना टेरोट साइक्लोजी रेकीमार्फत नेपालमै एक अन्तर्राष्ट्रिय स्तरको हिलिङ सेन्टर स्थापना गर्ने रहेको बताइएको छ ।

यसै सन्दर्भमा यश नेपाल न्यूजका अध्यक्ष एचबी ताम्राकारले भने, 'क्षमता ढकालले विश्वमञ्चमा नेपाललाई टेरोट कार्ड रिडिङको क्षेत्रमा चिनाउनु भएको छ। यो उपलब्धि सम्पूर्ण नेपालीको लागि गौरवको क्षण हो ।'

# चलचित्र 'मोहर'को ट्रेलर सार्वजनिक



**काठमाडौं–** यही साउन २३ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'मोहर'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार सार्वजनिक गरिएको ट्रेलरमा सस्पेन्स, थ्रीलरको साथमा प्रेम, बिछोड र बदलाको कथा देखाइएको छ । ट्रेलर पल शाह, नायिकाद्धय बेनिशा हमाल र नीति शाह, कलाकारहरू लक्ष्मी गिरी, अर्जुन जंग शाही र बाल-कलाकार सारा शर्माको वरिपरि घुमेको छ । चलचित्रका निर्देशक ओम प्रतीक हुन् । प्रतिककै लेखन रहेको फिल्म चुम्बन जंग शाहीले निर्माण गरेका हुन् । फिल्म मेकर्स प्रा.लिको ब्यानरमा निर्माण भएको चलचित्रमा देउकी प्रथालाई मुख्य विषयवस्तु बनाएको छ ।

चलचित्रमा पल शाह, अर्जुन जंग शाही, बेनिशा हमाल, नीति शाह, मिथिला शर्मा, रविन्द्र झा, लक्ष्मी गिरी, मिस पबी, सुशील देवकोटा, लक्ष्मीनाथ तिमिल्सिना, सिद्धार्थ सिंह, माधव दत्त पण्डित, गीता थापा, नविन खतिवडा, अर्जुन आचार्य र बाल कलाकार सारा शर्माको मुख्य भूमिका छ । दीपेन बस्न्यातको डीओपी, भूपेन्द्र अधिकारीको सम्पादन, सुरेश अधिकारी, थानेश्वर गौतम, एसडी योगीको सङ्गीत रहेको फिल्ममा रामजी लामिछाने र कविराज गहतराजको कोरियोग्राफी र कुमार महर्जनको एक्सन छ ।

# अनिलको निर्देशनमा बन्ने 'मितज्यू'मा सौगात मल्ल

■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित अभिनेता सौगात मल्ल अनिल बुढा मगरको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'मितज्यू' मा अनुबन्धित भएका छन् । निर्माण टिमले बिहीबार उनलाई औपचारिक रूपमा अनुबन्ध गर्दै कलाकार टोलीलाई थप मजबुत बनाएको घोषणा गरेको हो ।

यसअघि नै फिल्मका लागि दयाहाङ राई, तेरिया मगर र स्मीता लामिछाने अनुबन्ध भइसकेका थिए । अब सौगातको आगमनसँगै दयाहाङ र सौगातको शक्तिशाली पुनर्मिलन हुने भएपछि फिल्मप्रति दर्शकको उत्साह झनै बढेको निर्माण पक्षको विश्वास छ । यस फिल्मका लागि अन्य कलाकार पनि फाइनल गर्ने क्रम जारी रहेको निर्देशकले बताएका छन् ।

फिल्मको कथा महेश राईले लेखेका हुन् भने निर्माणमा सुपरहिट फिल्म 'घरज्वाइँ' का निर्माता जनक घर्ती मगर छन् । निर्देशक अनिल बुढा मगर र निर्माता जनक घर्ती मगरको यो दोस्रो सहकार्य हो ।

फिल्मको सिनेमाटोग्राफी शिशिर बिशंखेले सम्हाल्नेछन् । 'जि.एम. मुभिज प्रोडक्सन प्रा.लि.'को ब्यानरमा निर्माण हुने यो फिल्म मंसिर दोस्रो हप्तादेखि पोखरा आसपास र ढोरपाटन क्षेत्रमा छायांकन सुरु गर्ने तयारीमा छ ।

निर्माण पक्षका अनुसार फिल्म यसै वर्षको चैत २७ गते प्रदर्शनमा ल्याउने लक्ष्य राखिएको छ । कलाकारहरूको बलियो संयोजन र नयाँपनले भरिएको कथाले गर्दा 'मितज्यू' नेपाली फिल्म बजारमा बहुप्रतीक्षित प्रोजेक्टको रूपमा हेरिन थालेको छ ।




# 'द फिरन्ते'सहित आधा दर्जन ब्याण्ड धरान रंगशालामा गुञ्जने

**काठमाडौं (प्रस)–** चर्चित ब्याण्डहरूको प्रस्तुति सहित धरानमा 'त्रिगुट म्युजिकल नाइट' आयोजना हुने भएको छ । यही साउन १६ गते धरान रङ्गशालामा आयोजना हुने कार्यक्रममा चर्चित ब्यान्डहरू रकहेड्स, द फिरन्ते, आस्था एण्ड द ब्रदर्स, द क्राइसिस र दि एलाइज ब्यान्डको प्रस्तुति रहनेछ । हश क्रिएशन्स, दृश्यः सि द अनसिन र इफ्लिक्स इन्टरटेन्मेन्ट युकेले संयुक्त रूपमा आयोजना गर्न लागेको कार्यक्रममा भ्वाइस अफ नेपालका लोकप्रिय गायकहरू सार्थक लामा र प्रमेश राईको पनि सहभागिता रहनेछ । धरानका चर्चित कलाकारहरूको पनि उपस्थिति रहने कार्यक्रम त्यहाँ आयोजना भएका यसअघिका कन्सर्टहरू भन्दा भिन्न र भव्य हुने आयोजक आकाश रावलले बताए ।

उनका अनुसार 'त्रिगुट म्युजिकल नाइट'मा भिआइपी,




फ्यानपिट र जनरल जोन स्पष्ट रूपमा छुट्याइएको छ । कन्सर्टमा धरानका मात्र नभएर आसपासका क्षेत्रबाट समेत सहभागिता रहने अपेक्षा गरिएको छ ।

## रंगशाला

# पल्सर स्पोर्ट्स अवार्ड भदौ अन्तिम साता




■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाली खेलकुदको प्रतिष्ठित खेलाडी सम्मान कार्यक्रम 'एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१' यो वर्ष आगामी भदौ २९ गते पोखरामा हुने भएको छ । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)को आयोजनामा हरेक वर्ष हुने अवार्ड कार्यक्रम २२ औं संस्करणमा आएर पहिलोपटक काठमाडौं बाहिर हुन लागेको हो ।

अवार्डको आयोजनाका लागि शुक्रबार आयोजक मञ्च र मुख्य प्रायोजक गोल्छा ग्रुपबीच प्रायोजकसम्बन्धी सम्झौता भयो । सम्झौतापत्रमा मञ्चका तर्फबाट अध्यक्ष निरञ्जन अधिकारी र गोल्छा ग्रुपका कार्यकारी निर्देशक अभिमन्यू गोल्छाले हस्ताक्षर गरे ।

विगत १७ वर्षदेखि नियमित रूपमा मुख्य प्रायोजन गर्दै आएको गोल्छा ग्रुपले पाँच वर्षको सम्झौता थप गरेको हो । सम्झौताअनुसार गोल्छा ग्रुपले नगद र जिन्सी गरी रु ४० लाख बराबरको प्रायोजन गर्नेछ ।

मञ्चका अध्यक्ष अधिकारीले नेपाली खेलकुदको दायरा फराकिलो भइरहेको अवस्थामा स्पोर्ट्स अवार्डलाई देशव्यापी फैलाउने उद्देश्यले पर्यटनको राजधानी पोखरामा अवार्ड आयोजना गर्न लागेको जानकारी दिए ।

'काठमाडौं बाहिर लैजाने तयारी केही वर्ष अगाडिदेखि नै भइरहेको थियो । सम्भावित केही सहरसँग कुराकानी गर्ने क्रममा पोखराले भ्रमण वर्ष २०२५ मनाइरहेको बेला सबै पक्ष अनुकूल बनेपछि यसपालिको स्पोर्ट्स अवार्ड पोखरा लान सफल भयौँ', अध्यक्ष अधिकारीले भने । एनएसजेएफका महासचिव अन्जन खड्काले यस वर्ष पनि स्पोर्ट्स अवार्डमा दश विधा समावेश गरिएको जानकारी दिए ।

स्पोर्ट्स अवार्डमा वर्षका उत्कृष्ट खेलाडी पुरुष, वर्षका उत्कृष्ट खेलाडी महिला, वर्षका उत्कृष्ट खेलाडी युवा, वर्षका उत्कृष्ट प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड र टिम अफ दि इयर विधा रहेको छ ।

जसमा उत्कृष्ट खेलाडी पुरुष, महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस अवार्ड गरी पाँच विधाका खेलाडीले पल्सर मोटरसाइकल प्राप्त गर्नेछन् । त्यस्तै स्पेशल, लाइफटाइम अचिभमेन्ट, टिम अफ द इयर र पारा एथलेट सम्मानका विजेताले जनही रु एक लाख प्राप्त गर्नेछन् ।

महासचिव खड्काले भोटिङमार्फत हुने भएकाले पिपल्स च्वाइस विधाको मनोनयनका साथै वर्ष खेलाडी पुरुष, महिला, युवा र प्रशिक्षक विधाको मनोनयन केही दिनमै सार्वजनिक गरिने जानकारी दिए ।

### स्पोर्ट्स अवार्डमा पल्सरको निरन्तरता

गोल्छा समूहका कार्यकारी निर्देशक अभिमन्यू गोल्छाले १७ वर्षको यो सहकार्य नेपालकै लामो साझेदारीमध्ये एक भएको बताए । उनले भने, 'यसले दुई संस्थाबीचको प्रतिबद्धता र विश्वास देखाउँछ, त्यसैले पनि एनएसजेएफसँग आबद्ध हुन पाउँदा गर्व महसुस हुन्छ ।'

उक्त कार्यक्रममा एआइपिएस एसियाका कोषाध्यक्ष निरञ्जन राजवंशीले कुनै पनि संस्थाले २२ वर्षसम्म एउटै कार्यक्रम गर्नु अझ एउटै प्रायोजकसँग १७ वर्षको सहकार्य दुर्लभ रहेको बताए । उनले खेलकुद पत्रकार मञ्चले यो अवार्ड कार्यक्रम गरेर खलाडीलाई सम्मान गरिरहँदा खेल पत्रकारहरू पनि सम्मानित भएको महुसस हुने गरेको बताए ।

# विश्व एक्वेटिक्समा चार पौडी खेलाडी सिंगापुरतर्फ

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिंगापुरमा आयोजना हुने विश्व एक्वेटिक्स च्याम्पियनसिपमा नेपालबाट चार पौडी खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । त्यसका लागि खेलाडीसहित ६ सदस्यीय नेपाली टोली सिंगापुर गएको छ ।

प्रतियोगितमा समान २-२ पुरुष/महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् । चारै खेलाडीले समान २-२ स्पर्धामा भाग लिने छन् ।



पुरुषतर्फ इर्भिन श्रेष्ठले एकसय र दुई सय मिटर फ्रिस्टायल तथा अजलकाजी ताम्राकारले ५० मिटर फ्रिस्टायल र ५० मिटर बटरफ्लाइमा प्रतिस्पर्धा गर्ने छन् । महिलामा ओलम्पियन डुवाना लामाले २ सय मिटर फ्रिस्टायल र १ सय मिटर ब्रेस्टस्ट्रोक तथा आर्या महर्जनले ५० र एकसय मिटर फ्रिस्टायलमा सहभागिता जनाउने छन् ।

व्यवस्थापकमा नेपाल पौडी संघका सदस्य विकास शर्मा तथा प्रशिक्षकमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पौडी मुख्य प्रशिक्षक शंकर कार्की रहेका छन् । जुलाइ ११ देखि सुरु भइसकेको उक्त प्रतियोगिता अगष्ट ३ तारिखसम्म चल्ने छ । नेपालको खेल भने जुलाई २७ तारिखदेखि मात्र सुरु हुने नेपाल पौडी संघका सचिव गंगालाल गोलेले जानकारी दिए ।

जुलाई २७ मा अजलले ५० मिटर बटरफ्लाइ, २८ मा डुवानाले एक सय मिटर ब्रेस्टस्ट्रोक र इर्भिनले दुई सय मिटर फ्रिस्टायल तथा २९ मा डुवानाले २ सय मिटर फ्रिस्टायलमा खेल्ने तालिका छ ।

त्यस्तै जुलाई ३० मा इर्भिनले १ सय मिटर फ्रिस्टायल, ३१ मा आर्याले १ सय मिटर फ्रिस्टायल, अगष्ट १ मा अजलले ५० मिटर फ्रिस्टायल र २ मा आर्याले ५० मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्ने छन् । टोली अगष्ट ४ तारिखमा स्वदेश फर्किने छ ।

टोलीलाई राखेपका सदस्य-सचिव टंकलाल घिसिङ, पौडी संघका अध्यक्ष जगतमान श्रेष्ठ, नेपाल राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठ, अभिभावकलगायतले बिदाई गरेका थिए ।

उक्त अवसरमा सदस्य-सचिव घिसिङले खेलाडीलाई उच्च मनोबलका साथ प्रतिस्पर्धा गर्न आग्रह गरे । अध्यक्ष जगतमान श्रेष्ठले खेलाडीबाट कम्तीमा दुई वटा राष्ट्रिय कीर्तिमानको अपेक्षा गरेको बताउदै पौडीको विकास र विस्तारमा अभिभावकले पुऱ्याएको योगदानको प्रशंसा गरे ।

मुख्य प्रशिक्षक कार्कीले प्रतियोगिताले २०औं एसियाली खेलकुदको तयारीमा पनि मद्दत पुग्ने बताउँदै खेलाडीले उच्च प्रदर्शन गर्ने विश्वास व्यक्त गरे ।



फिलिपिन्सको मनिलास्थित उत्तरमा रहेको पंगासिनान प्रान्तको दागुपन सहरमा भारी वर्षापछि बाढीले भरिएको सडकबाट हिँड्दै मानिसहरू ।

*तस्बिर: एएफपी*

# कम्बोडियासँग युद्ध हुनसक्ने थाइल्याण्डको चेतावनी



**सुरिन (थाइल्याण्ड)–** दुवै देशले दोस्रो दिन घातक आक्रमणहरू गरिरहेको बेला थाइल्याण्डका कार्यवाहक प्रधानमन्त्री फुमथाम वेचाचाइले शुक्रबार कम्बोडियासँगको सीमापार झडपले एक लाख ३० हजारभन्दा बढी मानिसलाई विस्थापित गरेको भन्दै यो झडप 'युद्धमा परिणत' हुनसक्ने चेतावनी दिएका छन् ।

लामो समयदेखि चलिरहेको सीमा विवाद बिहीबार जेट, तोपखाना, ट्याांक र स्थल सैनिकहरूसहित तीव्र लडाइँमा परिणत भएको छ र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले शुक्रबार पछि यस संकटमा आपत्कालीन बैठक गर्ने तयारी गरेको छ । सीमाको कम्बोडियाली पक्षबाट लगातार तोप आक्रमणको आवाज सुन्न सकिन्छ । त्यहाँ ओड्डर मिन्चे प्रान्तले एक ७० वर्षीय नागरिक मारिएको र पाँच जना घाइते भएको रिपोर्ट गरेको छ ।

थाइल्याण्डको सीमावर्ती क्षेत्रहरूबाट एक लाख ३८ हजारभन्दा बढी मानिसलाई बाहिर निकालिएको छ । त्यहाँको स्वास्थ्य मन्त्रालयले १४ नागरिक र एक सैनिकसहित १५ जनाको मृत्यु भएको र १५ सैनिकसहित ४६ जना घाइते भएको बताएको छ । 'हामीले छिमेकी भएकाले सम्झौता गर्ने प्रयास गरेका छौं, तर अब हामीले थाई सेनालाई जरुरी अवस्थामा तुरुन्तै कार्य गर्न निर्देशन दिएका छौं,' वेचाचाइले बैंककमा पत्रकारहरूलाई भने, 'यदि स्थिति बढ्यो भने यो युद्धमा परिणत हुनसक्छ, यद्यपि अहिलेका लागि यो झडपमा मात्र सीमित छ ।'

सीमाबाट २० किलोमिटर (१२ माइल) टाढा रहेको कम्बोडियाको सहर सामराङमा एएफपीका पत्रकारहरूले गोली चल्दा परिवारहरू आफ्ना छोराछोरी र सामानहरू लिएर गाडीमा द्रुत गतिमा भागेको देखेका छन् । 'म सीमा नजिकै बस्छु । हामी डराएका छौं किनभने उनीहरूले बिहान ६:०० बजे फेरि गोली चलाउन थाले,' ४१ वर्षीय प्रो बाकले भने । उनले आफ्नी श्रीमती र बच्चाहरूलाई शरण खोज्न बौद्ध मन्दिरमा लैजाँदै थिए । 'हामी कहिले घर फर्कन सक्छौं मलाई थाहा छैन,' उनले भने । एएफपीका पत्रकारहरूले पनि सैनिकहरू रकेट लञ्चरहरू चलाउन र सीमातिर द्रुत गतिमा दौडिरहेको देखे ।

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले आफूले बिहीबार दुवै देशका नेताहरूसँग वार्ता गरेको र युद्धविराम र संवादको आह्वान गरेको बताए । मलेसियाले हाल क्षेत्रीय समूह आसियानको अध्यक्षता गरिरहेको छ ।

'म बैंकक र नोम पेन्ह दुवैले यो अगाडिको बाटो विचार गर्न देखाएको सकारात्मक संकेत र इच्छाशक्तिको स्वागत गर्छु,' उनले बिहीबार साँझ फेसबुक पोस्टमा भने । तर अनवरको आशावादका बावजुद थाई सेनाले शुक्रबार बिहान ४:०० बजे (२१०० जिएमटी बिहीबार) तीन क्षेत्रमा लडाइँ पुनः सुरु भएको बताएको छ । कम्बोडियाली सेनाले भारी हतियार, फिल्ड आर्टिलरी र बिएम-२१ रकेट प्रणालीले बमबारी गरेको बताएको छ । थाई सेनाले 'उचित सहायक फायर' का साथ जवाफ दिएको बताएको छ ।

## शान्तिका लागि आह्वान

यो लडाइँले छिमेकी देशहरूबीचको साझा ८०० किलोमिटर (५०० माइल) सीमालाई लिएर लामो समयदेखि चलिरहेको विवादमा नाटकीय वृद्धि भएको छ । दुवै मुलुकको साझा सीमामा लाखौं विदेशी पर्यटकका लागि लोकप्रिय गन्तव्यहरू छन् ।

धेरै क्षेत्रमा दर्जनौं किलोमिटर विवादित छ । सन् २००८ र सन् २०११ को बीचमा लडाइँ सुरु हुँदा कम्तीमा २८ जनाको मृत्यु भएको थियो भने हजारौं विस्थापित भएका थिए । सन् २०१३ मा संयुक्त राष्ट्रसंघको अदालतले एक दशकभन्दा बढी समयका लागि यो मुद्दा सुल्झाएको थियो, तर हालको संकट मे महिनामा नयाँ झडपमा एक कम्बोडियाली सैनिक मारिएपछि सुरु भयो ।

थाई सेनाका अनुसार बिहीबारको लडाइँ दुई प्राचीन मन्दिरसहित छवटा स्थानमा केन्द्रित थियो । ट्याांकहरूद्वारा सुसज्जित स्थल सेनाहरूले क्षेत्रको नियन्त्रणका लागि लडाइँ गरे भने कम्बोडियाले थाइल्याण्डमा रकेट र गोलाहरू प्रहार गर्‍यो र थाईहरूले सीमापारका सैन्य लक्ष्यहरूमा प्रहार गर्न एफ-१६ जेटहरू उडाए ।

दुवै पक्षले पहिले गोली चलाएकोमा एकअर्कालाई दोष दिएका छन् । थाइल्याण्डले कम्बोडियालाई गोला प्रहार गरेको अस्पताल र कम्तीमा एउटा रकेटले प्रहार गरेको पेट्रोल स्टेसनसहित नागरिक पूर्वाधारलाई लक्षित गरेको आरोप लगाएको छ । थाइल्याण्डले कम्बोडियाली राजदूतलाई निष्कासन गरेको र थाई सैन्य गस्तीका पाँच सदस्य बारुदी सुरुङमा घाइते भएपछि आफ्नै दूतलाई फिर्ता बोलाएको केही घण्टापछि बिहीबारको झडप भएको थियो ।

कम्बोडियाले बिहीबार सम्बन्धलाई 'निम्नतम स्तर' मा घटायो, एक बाहेक आफ्ना सबै कूटनीतिज्ञलाई फिर्ता बोलायो र नोम पेन्हबाट उनीहरूका थाई समकक्षहरूलाई निष्कासन गर्‍यो । कम्बोडियाका प्रधानमन्त्री हुन मानेटको अनुरोधमा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले घातक झडपहरूबारे छलफल गर्न शुक्रबार आपत्कालीन बैठक आयोजना गर्ने कूटनीतिक स्रोतहरूले बताएका छन् ।

संयुक्त राज्य अमेरिकाले द्वन्द्वको 'तत्काल' अन्त्य गर्न आग्रह गरेको छ भने कम्बोडियाको पूर्वऔपनिवेशिक शासक फ्रान्सले पनि यस्तै आह्वान गरेको छ । नोम पेन्हको निकट सहयोगी युरोपेली सङ्घ (इयु) र चीनले वार्ताको आह्वान गर्दै द्वन्द्वबारे 'गहिरो चिन्ता' व्यक्त गरेका छन् । *रासस/एएफपी*

# भारत र बेलायतबीच विस्तृत आर्थिक तथा व्यापार सम्झौतामा हस्ताक्षर



**लण्डन–** भारत र बेलायतबीच विगत तीन वर्षदेखि जारी प्रयासपछि बिहीबार बृहत् आर्थिक तथा व्यापार सम्झौता (सिइटिए) मा हस्ताक्षर भएको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको प्रधानमन्त्रीका रूपमा चौथो बेलायत भ्रमणका क्रममा यो सम्झौतामा हस्ताक्षर भएको छ ।

'यो सम्झौता आर्थिक साझेदारीमात्र होइन, साझा समृद्धिको योजना पनि हो,' सम्झौतापछि प्रधानमन्त्री नरेन्द्र मोदीले गरेको ट्वीटमा उल्लेख छ, 'सम्झौताबाट भारतीय टेक्सटाइल, फुटवेयर, जेम्स एण्ड ज्वेलरी, सीफुड र इन्जिनियरिङ उत्पादनले बेलायतमा राम्रो पहुँच पाउने छन् । भारतको कृषि उत्पादन र प्रशोधित खाद्य उद्योगका लागि बेलायती बजारमा राम्रो अवसर हुने छ ।'

उनले भने, 'यो सम्झौता विशेषगरी भारतका किसान, मछुआरा र एमएसएमई क्षेत्रका लागि लाभदायक साबित हुने छ । त्यसैगरी चिकित्सा उपकरण र एयरोस्पेस पार्ट्सजस्ता बेलायतमा निर्मित उत्पादनहरू भारतका जनता र उद्योगका लागि पहुँचयोग्य र किफायती हुने छन् ।' बेलायतका केही विपक्षी नेताहरूले यो सम्झौताले भारतीय कामदारहरूका लागि राष्ट्रिय बिमा योगदानमा छुट एक वर्षबाट बढाएर तीन वर्ष पुर्‍याउँदा बेलायती कामदारहरूलाई असर पर्न सक्ने चेतावनी दिएका छन् ।

सन् २०२० को ब्रेक्जिटपछि बेलायतले अन्य कुनै पनि देशसँग गरेको यो सबैभन्दा ठूलो व्यापार सम्झौता भएको बताइएको छ । भारत र बेलायतका वाणिज्यमन्त्री पियुष गोयल र जोनाथन रेनोल्ड्स यो सम्झौताले बेलायतको अर्थतन्त्रमा वार्षिक ४.८ अर्ब पाउण्ड (६.५ अर्ब अमेरिकी डलर) को योगदान गर्ने बेलायती सरकारले जनाएको छ । बेलायतले आफ्नो कूल निर्यातको १.९ प्रतिशत भारत निर्यात गर्छ भने कूल आयातको १.८ प्रतिशत आयात गर्छ । सम्झौता कार्यान्वयनपछि यो कारोबार बढ्ने अपेक्षा गरिएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०३० सम्ममा निर्यात बढाएर १० खर्ब अमेरिकी डलर पुर्‍याउने महत्वकांक्षी लक्ष्य राखेका छन् । सन् २०२२ मा बेलायतका पूर्वप्रधानमन्त्री बोरिस जोनसनको नेतृत्वमा व्यापार सम्झौताका लागि वार्ता सुरु भएको थियो । यसले दुई देशबीच अर्बौं रूपैयाँ बराबरको व्यापार बढ्ने दुवै पक्षको दाबी छ ।

सम्झौता दुवै मुलुकका लागि कोशेढुंगा

बेलायतको परम्परागत ह्विस्की र अन्य मदिरामा भारतमा कर आधा घट्ने बेलायतबाट निर्यात हुने सामानमा औसत शुल्क १५ प्रतिशतबाट घटाएर तीन प्रतिशतमा झारिने छ, जसले गर्दा बेलायती कम्पनीहरूलाई भारतमा सामान बेच्न सजिलो हुने छ ।

भारतले बेलायतबाट आयात हुने ह्विस्कीको भन्सार दर १५० प्रतिशतबाट घटाएर ७५ प्रतिशतमा झारेको छ । यसले बेलायतलाई भारतीय बजारमा पहुँचको हिसाबले अन्तर ाष्ट्रिय प्रतिस्पर्धीहरूभन्दा तत्काल फाइदा दिने छ । यो शुल्क सन् २०३५ सम्ममा ४० प्रतिशतमा झार्ने प्रस्ताव गरिएको छ ।

कार, एयरोस्पेस, विद्युतीय तथा मेडिकल सामान, ह्विस्की र मासु, बिस्कुट, चकलेटजस्ता खाद्यवस्तुहरू भारतमा सस्ता हुने छन् भने भारतीय टेक्सटाइल र गहनाहरू पनि बेलायतमा सस्ता हुने छन् । सम्झौताअनुसार अस्थायीरूपमा बेलायत जाने भारतीय कामदार र भारतमा अस्थायीरूपमा काम गर्ने बेलायती कामदारले आफ्नो देशमामात्र सामाजिक सुरक्षा योगदान गर्नुपर्ने छ ।

बेलायतका व्यापारमन्त्री जोनाथन रेनोल्ड्सले सस्तो भारतीय व्यवसायीका कारण बेलायती कामदारलाई घाटा हुने आशंकालाई अस्वीकार गरेका छन् । उनले भने, 'कुनै पनि कर लाभ त्यस्तो छैन जसले भारतीय कामदारलाई बेलायती कामदारभन्दा सस्तो बनाउँछ ।'

यसैबीच, दुई देशले भारत र बेलायतमा एकअर्काको लगानीको सुरक्षा गर्ने उद्देश्यले द्विपक्षीय लगानी सन्धिका लागि वार्ता गरेका छन् । यसका साथै दुवै देशले उच्च कार्बनयुक्त उद्योगमा कर लगाउने बेलायतको प्रस्तावित योजनाबारे पनि छलफल गरेका छन् । यो करले बेलायतको निर्यातमा असर पार्न सक्ने भारतको विश्वास छ ।

बेलायतको परम्परागत ह्विस्की र अन्य मदिरामा भारतमा कर आधा घट्ने बेलायतबाट निर्यात हुने सामानमा औसत शुल्क १५ प्रतिशतबाट घटाएर तीन प्रतिशतमा झारिने छ, जसले गर्दा बेलायती कम्पनीहरूलाई भारतमा सामान बेच्न सजिलो हुने छ । भारतले बेलायतबाट आयात हुने ह्विस्कीको भन्सार दर १५० प्रतिशतबाट घटाएर ७५ प्रतिशतमा झारेको छ । यसले बेलायतलाई भारतीय बजारमा पहुँचको हिसाबले अन्तर्राष्ट्रिय प्रतिस्पर्धीहरूभन्दा तत्काल फाइदा दिने छ ।

यो शुल्क सन् २०३५ सम्ममा ४० प्रतिशतमा झार्ने प्रस्ताव गरिएको छ । कार, एयरोस्पेस, विद्युतीय तथा मेडिकल सामान, ह्विस्की, मासु, बिस्कुट, चकलेटजस्ता खाद्यवस्तुहरू भारतमा सस्ता हुने छन् भने भारतीय टेक्सटाइल र गहनाहरू पनि बेलायतमा सस्ता हुने छन् ।

स्टार्मरका अनुसार यो सम्झौताले बेलायतमा दुई हजार २०० भन्दा बढी रोजगारी सिर्जना गर्ने छ । सम्झौताअनुसार अस्थायीरूपमा बेलायत जाने भारतीय कामदार र भारतमा अस्थायीरूपमा काम गर्ने बेलायती कामदारले आफ्नो देशमामात्र सामाजिक सुरक्षा योगदान गर्नुपर्ने छ । बेलायत सरकारले युरोपेली संघ, अमेरिका र दक्षिण कोरियासहित अन्य १७ देशसँग पनि यस्तै द्विपक्षीय योगदान सम्मेलन (डबल कन्ट्रिब्युसन कन्भेन्सन) को व्यवस्था पहिलेदेखि नै रहेको स्पष्ट पारेको छ । *रासस/एएनआई*

## इण्डोनेसियामा पछिल्ला २० वर्षयताकै सबैभन्दा कम गरिबी दर

**जर्काता–** इण्डोनेसियाको केन्द्रीय तथ्यांक कार्यालयले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार, हाल देशमा गरिबी दर पछिल्ला दुई दशकमा सबैभन्दा न्यून रहेको जनाइएको छ । कार्यालयका अनुसार सन् २०२५ को मार्च महिनासम्म झण्डै दुई करोड ३८ लाख ५० हजार नागरिक गरिबीको रेखामुनि रहेका छन्, जुन देशको कूल जनसंख्याको करिब ८.४७ प्रतिशत हो । तथ्यांक कार्यालयले प्रतिमहिना छ लाख नौ हजार १६० इण्डोनेसियाली रूपैयाँभन्दा कम आम्दानी भएका व्यक्तिहरूलाई गरिबको श्रेणीमा राख्ने गरेको छ । कार्यालयका वरिष्ठ अधिकारी आतेंग हार्तोनोले पत्रकार सम्मेलनमा जानकारी दिँदै भने, 'हाल देखिएको गरिबी दर विगत २० वर्षमा सबैभन्दा न्यून हो, जुन हामी सबैका लागि सुखद कुरा हो ।'

तर उनले सहर र गाउँबीच अझै पनि उल्लेखनीय आर्थिक अन्तर रहेको र ग्रामीण क्षेत्रमा गरिबीको दर केही बढी देखिएको कुरामा ध्यानाकर्षण गराए । यसैबीच, विगत हप्तामा इण्डोनेसियाले संयुक्त राज्य अमेरिकासँग गरेको व्यापार सम्झौताले पनि अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ । उक्त सम्झौताअनुसार, इण्डोनेसियाबाट अमेरिका पठाइने सामानमा अब १९ प्रतिशत भन्सार शुल्क लाग्नेछ, जुन पहिले भनिएको ३२ प्रतिशतको सम्भावित दरभन्दा कम हो । *रासस/एएफपी*


**साउदीमा रोजगार** कम्पनी : Ahmed Kazim Bin Ali Al Muhammad Ali Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८२/04/0९ | LT. No. 326502 | चलानी नं. ६०२४१६२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1200 | ४४,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९



**युएइमा रोजगार** कम्पनी : SINYAR AL KHALEEJ CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/04/0९ | LT. No. 327814 | चलानी नं. ६०२४१६३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plasterer | 10 | 0 | 1500 | ५६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labour | 50 | 0 | 1000 | ३७,६१० | | | | | | | |

कम्पनी : JIARUN CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/04/0९ | LT. No. 327891 | चलानी नं. ६०२४१६७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 110 | 0 | 1000 | ३७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : EVER GOLD BUILDING CLEANING LLC-DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८२/04/0९ | LT. No. 327892 | चलानी नं. ६०२४१६७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 50 | 1000 | ३७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



**कतार/युएइमा रोजगार** कम्पनी : AFKARIN CONTRACTING AND CLEANING

पूर्व स्वीकृति मिति : २०८२/04/07 | LT. No. 327479 | चलानी नं. ६०२४१५८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 0 | 6 | 1000 | ३७,९४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Skilled Building Worker | 1 | 0 | 1000 | ३७,९४३ | | | | | | | |
| 3 | Ground Host for Reservation | 0 | 1 | 1400 | ५३,१२० | | | | | | | |

कम्पनी : AL GAFTON TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/04/0८ | LT. No. 327748 | चलानी नं. ६०२४१५८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1000 | ३७,९४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : DOME DZ INTERNATIONAL GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/04/07 | LT. No. 327524 | चलानी नं. ६०२४१५९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 20 | 0 | 1500 | ५६,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | ELECTRICIAN GEN. | 20 | 0 | 1200 | ४५,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १७ गते (2nd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९७६०० | प्रति तोला - ० | प्रति तोला - २३२५ |



**मुडेको छुर्पी** | सिन्धुपाल्चोकको मुडे बजारमा बेच्न पसलमा छुर्पी झुन्ड्याउँदै व्यापारी महिला। वर्षा लागेसँगै व्यापारमा कमी आएको उनी बताउँछिन्। मुडे आलु र छुर्पीका लागि प्रख्यात छ। *तस्बिरः प्रदीपराज वन्त/रासस*

## वीरगञ्ज नाकाबाट दुई हजार ३३७ थान विद्युतीय सवारीसाधन आयात

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)** – वीरगञ्ज नाका हुँदै गत आर्थिक वर्षमा रु एक अर्ब ६४ करोड मूल्य बराबरका साना-ठूला दुई हजार ३३७ थान विद्युतीय सवारीसाधन आयात भएका छन्। भन्सार कार्यालयले गत आवमा विद्युतीय सवारीसाधनको आयातबाट रु एक अर्ब ८० करोड ४५ लाख राजस्व संकलन गरेको हो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले वीरगञ्ज नाका हुँदै विद्युतीयभन्दा इन्धनबाट चल्ने सवारीसाधन बढी भित्रिएका छन्। गत आवमा रु १२ करोड छ लाख मूल्य पर्ने १६ थान विद्युतीय जिप, कार र भ्यान आयात भएका छन्। ती सवारीसाधनको आयातबाट रु १९ करोड ७४ लाख राजस्व संकलन भएको उहाँले जानकारी दिए।

सोही अवधिमा ५१ किलोवाटदेखि एक सय किलोवाट क्षमताका रु १३ करोड चार लाख मूल्य पर्ने ५० थान विद्युतीय जिप, कार र भ्यान आयात भएका छन्। एक सय एक किलोवाटदेखि दुई सय किलोवाट क्षमताका रु २४ करोड ८० लाख मूल्य बराबरका ३६ थान विद्युतीय जिप, कार र भ्यान आयात भएका छन्। यो नाका हुँदै रु ४३ करोड दुई लाख मूल्य पर्ने एक हजार ८२१ थान विद्युतीय मोटरसाइकल आयात भएका छन्।

प्रमुख भन्सार प्रशासक लामिछानेका अनुसार रु १२ करोड छ लाख मूल्य पर्ने दुई सय एक किलोवाटदेखि तीन सय किलोवाट क्षमताका १६ थान विद्युतीय जिप, कार र भ्यान पनि आयात भएका छन्।

### पोखरा-मुग्लिन सडक

## पश्चिम खण्डको भौतिक प्रगति ५५ प्रतिशत

■ प्रभाव संवाददाता



**गण्डकी**– पोखरा-मुग्लिन सडकको पश्चिम खण्ड (पोखरा-जामुने)को भौतिक प्रगति ५५.१० र वित्तीय प्रगति ४२.५० प्रतिशत पुगेको छ। कुल ३८.८८ किमी दूरीको उक्त खण्डमा हालसम्म ३७.७० किमीमा एकतर्फी पहिलो तहको कालोपत्र भइसकेको आयोजना कार्यालयले जनाएको छ। उक्त खण्डका प्रमुख इञ्जिनियर कृष्णबहादुर कुँवरका अनुसार २६.३८ किमीमा दुईतर्फी (चार लेन) र १०.३२ किमी सडकमा एकतर्फी (दुई लेन) कालोपत्र भइसकेको छ।

विसं २०७८ भदौदेखि निर्माण सुरु गरिएको उक्त खण्डको ठेक्का म्याद आगामी पुससम्म रहेको छ। निर्माण कम्पनीले समयमा काम नगरेपछि यसअघि दुईपटकसम्म म्याद थप भएको इञ्जिनियर कुँवरले बताए। चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले उक्त खण्डमा सडक विस्तार एवं स्तरोन्नतिको काम गरिरहेको हो। तनहुंको जामुनेबाट पोखराको सेती पुलसम्मको आधा सडक छ लेन र आधाजति चार लेनको बन्ने इञ्जिनियर कुँवरले बताए।

पश्चिम खण्डमा पर्ने १३ वटा पुलमध्ये ११ पुल बनिसकेको र दुई पुल निर्माणाधीन अवस्थामा रहेको उनले जानकारी दिए। एक सय पाँचवटा कल्भर्टमध्ये एक सय तीनवटा निर्माण भइसकेका छन्। तनहुंको म्याग्देखोला, कुम्लेखोला, ठाडेखोला, सम्धीखोला, मूलखोला, फेदीखोला-१, फेदीखोला-२, रुदीखोला, हलेदीखोला, कालीखोला र कास्कीको कोत्रेखोलामा पुल निर्माण सकिएको हो।

सडक ठेक्काअन्तर्गत कास्कीको विजयपुर र पुल ठेक्काअन्तर्गत सेती पुल निर्माणको चरणमा छ। विजयपुर खोला पुलको भौतिक प्रगति ६० प्रतिशत पुगेको छभने सेती पुलको भौतिक प्रगति ४८ प्रतिशत पुगेको छ। विजयपुर पुल बन्न अझै पाँचदेखि छ महिनासम्म लाग्ने इञ्जिनियर कुँवरले बताए।

आगामी भदौमा तीनवर्षे ठेक्का अवधि सकिन लागेको सेती पुलको भौतिक प्रगति पनि न्यून देखिएको छ। विसं २०७९ साउनमा निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको जिम्मा लिएको थियो। पुलको डिजाइन स्वीकृतदेखि मापदण्डभित्रका संरचना हटाउनेसम्मका काममा ढिलाइ भएकाले पुल समयमा बन्न नसकेको इञ्जिनियर कुँवरले बताए।

केबल-स्टेड प्रविधिको उक्त पुलमा सब-स्ट्रक्चरको काम सकिएको र अहिले डाउनस्ट्रिम पुलमा सुपर-स्ट्रक्चरको काम भइरहेको उनको भनाइ छ। आकर्षक डिजाइनमा बन्ने उक्त सिग्नेचर पुलको जग निर्माणमा बढी समय लागे पनि टावरलगायत माथिल्लो संरचनाको काम छिटो हुने निर्माण कम्पनीले जनाएको छ। छ लेनको उक्त सडकमा अहिले रहेको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका दुईवटा सिग्नेचर पुल बन्ने भएका हुन्। भ्याटबाहेक रु ९४ करोडको ठेक्कामा पुल निर्माणको काम भइरहेको हो। पुलमा कङ्क्रिट र फलामको प्रयोग गरिएको छ।

### कर्पोरेट

## बिकाजी भुजिया नेपालमै उत्पादन गर्ने चौधरी ग्रुपको तयारी




**काठमाडौं (प्रस)**– प्रतिस्पर्धी हल्दिराम इण्डिया लिमिटेडले नेपालमै उत्पादन शुरू गर्ने भएपछि अर्को भारतीय कम्पनी बिकाजी फुड्स इन्टरनेशनलले नेपालमा उत्पादन शुरू गर्न चौधरी समूह(सिजी कर्प ग्लोबल)सँग साझेदारी गरेको छ। बिहीबार सार्वजनिक गरिएको जानकारी अनुसार, चौधरी समूहले बिकाजी फुड्ससँगको ५० प्रतिशत साझेदारीमा खाजा (स्न्याक्स), भुजिया, नमकीन, पापड र प्याकिङ गरिएको मिठाईहरू नेपाली बजारमा उत्पादन र बिक्री गर्नेछ।

भारतीय मिडियाका अनुसार, बिकाजी फुड्स इन्टरनेशनल लिमिटेडले नेशनल स्टक एक्सचेञ्जमा बुधबार नै नेपालमा चौधरी समूहसँग रणनीतिक साझेदारीका लागि सञ्चालक समिति बैठकले स्वीकृति दिएको बारे जानकारी गराएको थियो। दुई पक्षबीच साझेदारीसँगै चाँडै नै नेपालमै उद्योग स्थापना गरेर बिकाजीका उत्पादनहरू नेपाली बजारमा आपूर्ती गर्ने योजना रहेको छ।

साझेदारी पत्रमा हस्ताक्षरपछि सिजी कर्प ग्लोबलका प्रबन्ध निर्देशक वरुण चौधरीले भने, 'यो सहकार्यले हाम्रो स्थानीय क्षमताहरू विस्तार र सुदृढ गर्दै नेपालमा विश्व-स्तरीय खाद्य नवप्रवर्तन ल्याउने हाम्रो प्रतिबद्धतालाई पुनः पुष्टि गर्दछ।' बिकाजी फूड्स इन्टरनेशनलका प्रबन्ध निर्देशक दीपक अग्रवालले भने, 'यो संयुक्त उद्यमले बिकाजीको विश्वव्यापी विकास यात्रामा एक महत्वपूर्ण कोसेढुङ्गा चिन्ह लगाउँछ र एक प्रमुख रणनीतिक बजारको रूपमा नेपालको सम्भावनामा हाम्रो बलियो विश्वासलाई बढावा दिन्छ।'

नेपालको द्रुत गतिमा बढ्दो दैनिक उपभोग्य वस्तु (एफएमसीजी) क्षेत्रले द्रुत वृद्धि देख्दा साझेदारी आएको छ। लगानी बोर्ड नेपालका अनुसार, लगभग ३ करोड जनसंख्या र बढ्दो शहरी उपभोक्ता मागको साथ, नेपालको एफएमसीजी क्षेत्र वार्षिक २० प्रतिशतको दरले बढ्दै जाने अनुमान गरिएको छ, जसको मूल्य १ अर्ब डलरभन्दा बढी छ।

## बिवाइडी सिलायन सेभेन नेपालमा

**काठमाडौं (प्रस)**– नेपालमा बीवाईडी अटो इन्डस्ट्रीको आधिकारिक वितरक साइमेक्स इन्क. प्रा. लि.ले बहुप्रतीक्षित बीवाईडी सिलायन ७ (सेभेन) सार्वजनिक गरेको छ। सिलायन ७ देशको प्रिमियम इलेक्ट्रिक एसयूभी सेग्मेन्टमा एक नयाँ साहसी प्रतिस्पर्धीको रूपमा आएको छ। श्रावण ०८, २०८२ मा आयोजित एक विशेष कार्यक्रममार्फत गरिएको सार्वजनिक कार्यक्रममा बीवाईडीले नेपालमा यातायातको भविष्यलाई पुनः परिभाषित गर्ने आफ्नो प्रतिबद्धताप्रति अर्को महत्वपूर्ण कदम चालेको संकेत गरेको छ।

कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत महामहिम चेन सोङको विशेष उपस्थिति रहेको थियो। उनले दिगो विकासको क्षेत्रमा चीन र नेपालको बढ्दो सहकार्यलाई उल्लेख गर्दै प्रशंसा गरे। साथै, उनले बीवाईडी सिलायन ७ जस्ता प्रविधिसम्पन्न विद्युतीय सवारीसाधनहरूको प्रवेशले नेपालको विद्युतीय रूपान्तरणलाई अझ गति दिने विश्वास व्यक्त गरे।




'बीवाईडी सिलायन ७ मा नवीनतम विद्युतीय प्रविधि, प्रिमियम स्तरको कम्फर्ट, र नेपालको लागि तयार पारिएको इन्जिनियरिङबाट संयोजन गरिएको छ। १०० किलोवाट भेरियन्ट र आकर्षक प्रारम्भिक मूल्यसहित हामी नेपाली बजारमा अर्को एक महत्वपूर्ण मोडेल प्रस्तुत गर्न पाउँदा गर्व महसुस गरिरहेका छौं,' साइमेक्स इन्क प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत साहिल श्रेष्ठले भने। 'दिगो यातायातको माग बढ्दै गर्दा, सिलायन ७ ले सार्थकता र आकर्षण दुबैका साथ विद्युतीय सवारीप्रतिको हाम्रो प्रतिबद्धतालाई अझ मजबुत बनाउँनेछ।'

## एनसेलको एक करोड पार्वतीलाई




**काठमाडौं (प्रस)**– एनसेलले सञ्चालन गरेको 'सधैं अन करोडपति' योजनाअन्तर्गत धादिङकी पार्वती कार्कीले एक करोड रूपैयाँको बम्पर पुरस्कार जितेकी छन्। कम्पनीले असार १ देखि ३२ गतेसम्म सञ्चालन गरेको योजनामा उनी विजेता बनेकी हुन्।

कार्कीले झन्डै आठ वर्षदेखि एनसेल सिम प्रयोग गर्दै आएकी थिइन्। असारको तेस्रो साता ९९ रूपैयाँको 'बेसिक रिन्युअल' प्याक किनेर योजना सहभागी भएकी थिइन्। २०७२ सालको विनाशकारी भूकम्पमा कार्कीले एक महिना दुई दिनको कान्छो छोरा गुमाएकी थिइन् भने घरसमेत भत्किएको थियो। आर्थिक संकटले पिरोलिएकी उनले ऋण लिएर श्रीमान्लाई वैदेशिक रोजगारीमा पठाएकी थिइन्। उनी हाल गाउँमा खेतीकिसानी गर्दै महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा समेत काम गरिरहेकी छन्।

शुक्रबार एनसेलको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा कम्पनीका चिफ फाइनान्सियल अफिसर इनामुल कबिरले कार्कीलाई नगद एक करोड रूपैयाँ हस्तान्तरण गरे। पुरस्कार बुझ्दै कार्कीले भावुक हुँदै भनिन्, 'मैले जीवनमा कैयौं दुख झेलेकी हुँ, तर कहिल्यै हार खाइनँ। यो पुरस्कार मेरो संघर्षको नतिजा हो।'

बम्पर विजेता कार्कीबाहेक योजना अन्तर्गत अन्य ५० जना ग्राहकले साप्ताहिक रूपमा जनही एक लाख रूपैयाँ जितेका छन्। नियामक नेपाल दूरसञ्चार प्राधिकरणको निर्देशनमा १२ हप्ताका लागि घोषणा गरिएको योजना पाँचौं हप्ता साउन १ गते नै बन्द गरिएको थियो।

## सिद्धार्थ बैंकका ग्राहकलाई सारंग हेल्थ केयरमा छुट




**काठमाडौं (प्रस)**– सिद्धार्थ बैंक र सारंग हेल्थ केयर प्रा. लि. बिच बैंकका ग्राहक महानुभावहरूलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ।

सम्झौता अनुसार बखुडोल, ललितपुर स्थित सारंग हेल्थ केयरमा बैंकका ग्राहकहरूले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी क्लिनिकल सेवाहरूको भुक्तानी गर्दा ५ प्रतिशतसम्मको छुट तथा ल्याबोरेटरी सेवाहरूको भुक्तानी गर्दा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नुहुनेछ। यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ। यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्रहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा निम्न माध्यमहरू मार्फत सम्पर्क गर्न सकिने जनाइएको छ।

## 'सरकार निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्न तयार'

**लुम्बिनी (प्रस)**– लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकार निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्न तयार रहेको बताएका छन्।

नेपाल इञ्जिनियर्स एशोसिएशन लुम्बिनी प्रदेशले ६३औं इञ्जिनियर्स दिवसको अवसरमा शुक्रबार बुटवलमा आयोजना गरेको 'लुम्बिनी प्रदेशको आत्मनिर्भर पूर्वाधार विकास : अवसर र चुनौती' विषयक कार्यक्रममा मुख्यमन्त्री आचार्यले पूर्वाधार विकासमा पब्लिक-प्राइभेट पार्टनरशिप मोडेलमा जान सकिने कानुनी आधारहरू तय भइसकेको बताए।

उनले प्रदेश सरकार निजी क्षेत्रको प्रचुर विकासमा सहजीकरणको वातावरण निर्माण गर्न प्रतिबद्ध रहेको र दोस्रो आवधिक योजनाका लक्ष्य हासिल गर्न निजी क्षेत्रसँग सहकार्य अनिवार्य रहेको स्पष्ट पारे।

उनले चालु खर्च घटाउन प्रदेश सरकार अग्रस्थानमा रहेको उल्लेख गर्दै भने, 'हामी चालु खर्च घटाउनेमा पहिलो नम्बरमा छौं। त्यो प्रमाणित गरिसकेका छौं। राजस्व वृद्धिका क्षेत्रमा प्रदेश सरकार सफल भएको छ।' मुख्यमन्त्री आचार्यले स्थायी इञ्जिनियर जनशक्ति तयार पार्ने योजनाका साथ प्रदेश सरकार अघि बढिरहेको जानकारी दिए। उनले राष्ट्रको समुन्नतिको साँचो इञ्जिनियरहरूको हातमा रहेको बताए।

प्रदेश सरकारले पारदर्शी, जनउत्तरदायी र परिणाममुखी शासन प्रणाली विकास गर्न प्राथमिकता दिएको उल्लेख गर्दै उहाँले इञ्जिनियरहरूको ज्ञान, दक्षता र सहकार्य यस अभियानमा अपरिहार्य रहेको बताए।

**सम्पत्ति विवरण बुझाऔं**

- सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नुपर्छ,
- राजीनामा वा अनिवार्य अवकाश भई सेवा निवृत्त हुनेले समेत सेवा निवृत्त हुने आ.व.सम्मको सम्पत्ति विवरण बुझाउनुपर्छ,
- प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत कार्यालयमार्फत् सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनुपर्छ,
- करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनुपर्छ,
- सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
- समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ ।

**त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ